# दिगो विकासका लक्ष्यहरू

## कर्णाली प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन



कर्णाली प्रदेश योजना आयोग

भाद्र २०७७

**प्रकाशक**

कर्णाली प्रदेश योजना आयोग
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
फोनः ०८३-५२१६७६
इमेलः info@kppc.karnali.gov.np

www.ppc.karnali.gov.np

**प्रतिलिपि अधिकार ©**

कर्णाली प्रदेश योजना आयोग
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोटोः भरतबन्धु थापा

# दिगो विकासका लक्ष्यहरू

## कर्णाली प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन



*जुम्ला जिल्लामा अवस्थित सिंजा उपत्यका, खाद्यान्न उत्पादनका यो उपत्यका प्रसिद्ध छ । यसलाई खस सभ्यता उदगमस्थलका रूपमा पनि लिइन्छ ।*



फोनं .०८३-५२१६७६

प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या : २०७६०७७/
च.नं.

मितिः २०७७/०५/२५

## भूमिका

आज हामी सवैको चासो र चिन्ता भनेकै दिगो, फराकिलो, उच्च र समन्यायिक विकास हासिल गर्दै विश्व समाजलाई सभ्य, समृद्ध, सुखी र खुशी बनाउनुका साथै हाम्रो प्रकृति, जैविक विविधता, प्राकृतिक स्रोत र साधनहरूको सदुपयोग र सम्बर्धन गर्नु नै हो । संयुक्त राष्ट्र सङ्घले अघि सारेको र विश्व समुदायले अङ्गिकार गरेको सन् २००१ देखि २०१५ सम्मको सहश्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयन गर्दा थुप्रै लक्ष्यहरू पुरा गर्ने सवालमा केही सफलता हासिल भएतापनि कतिपय सवालहरूमा सफलता मिल्न सकेनन् र कतिपय कुराहरू उक्त सहश्राब्दी लक्ष्यहरूले समेट्न नसकेका कारणले यही सहश्राब्दी लक्ष्यहरूको जगमा पुनः संयुक्त राष्ट्र सङ्घको पहलमा १७ वटा दिगो विकासका लक्ष्यहरू किटान गरी सन् २०१५ देखि सन् २०३० सम्म यी लक्ष्यहरू पुरा गर्न सवै देशहरूलाई आव्हान गरेपछि नेपालले पनि आफ्नो प्रतिवद्धता जाहेर गरी कार्यान्वयनमा लिइसकेको अवस्था छ । नेपाल सरकारले दिगो विकास लक्ष्यहरूलाई सन् २०३० सम्म हासिल गरी अल्पविकसित मुलुकको अवस्थाबाट मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य राखेको छ । नेपाल सरकारको **समृद्ध नेपाल, सुखी नेपाली** भन्ने दीर्घकालीन सोँचलाई आत्मसाथ गर्दै कर्णाली प्रदेश सरकारले पनि **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को दीर्घकालिन सोँच तय गरी आवधिक योजनाहरू निर्माण गरिरहेको छ ।

कर्णाली प्रदेश प्राकृतिक स्रोत साधन खासगरी जमीन, जंगल, जल, जडीबुटी, जैविक विविधताबाट अरू प्रदेशको तुलनामा धनि छ । नेपाली भाषाको उद्‌गमस्थल पनि यही प्रदेश भएको र यहाँको कला, संस्कृति, धर्म, भेषभुषा प्राचिन कालदेखि नै अत्यन्त गर्व गर्न लायक छन् । धेरै थरहरूको समेत उद्‌गम प्रदेश भएकाले यस प्रदेशको विशिष्ट पहिचान छ । केवल भौगोलिक विकटता, कमजोर पूर्वाधार र सामाजिक-आर्थिक विकासका सूचकांकहरू कमजोर हुँदा वर्तमान विकासको गति तुलनात्मक रूपमा अरू प्रदेशभन्दा कम भए तापनि यहाँका विकासका सम्भावनाहरू र अवसरहरूलाई दृष्टिगत गर्दा भविष्यमा कर्णाली प्रदेश सवैभन्दा समृद्ध हुने कुरामा दुईमत छैन । दिगो पूर्वाधार र ऊर्जा, खाद्य सुरक्षा, सबैका लागि रोजगार, गुणस्तरीय तथा सर्वसुलभ शिक्षा र स्वास्थ्य, दिगो कृषि र उत्पादनलाई उच्च प्राथमिकतामा राखेको छ । हरित अर्थतन्त्र कर्णाली प्रदेशको मुलमन्त्र भएकाले प्रदेश सरकारले कृषि उत्पादनको दृष्टिकोणबाट अर्ग्यानिक प्रदेश बनाउने घोषणा गरेको छ । यहाँको अपार जलस्रोतलाई विचार गरी कर्णाली प्रदेशको समृद्धिको मुख्य सम्वाहकका रूपमा जल विद्युतलाई अंगिकार गरिएको छ । दिगो विकासका लक्ष्यहरूलाई समेट्दै विकासका प्राथमिकताहरू निर्धारण गरेको छ ।

प्रदेश सरकारले पहिलो प्राथमिकता पूर्वाधारलाई (यातायात, ऊर्जा, सिँचाइ, खानेपानी, बस्ती विकास, सञ्चार) दिइएको छ । कर्णाली प्रदेश सरकारले सुर्खेत हिल्सा फास्ट ट्र्याक, वीरेन्द्रनगर एअरपोर्ट तथा

राजधानी पूर्वाधार, महत्वपूर्ण जलविद्युत आयोजनाहरू र प्रशारण लाइनलाई प्रदेशको रूपान्तरकारी योजनाका रूपमा अघि सारेको छ । कर्णाली प्रदेशको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको अवस्था कमजोर भएकाले दोस्रो प्राथमिकतामा सामाजिक विकासलाई राखिएको छ । यसका लागि सुविधासम्पन्न प्रदेश र क्षेत्रीय अस्पतालहरू, कर्णाली पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय, छोरी सुरक्षाका लागि बचत कार्यक्रम आदि महत्वपूर्ण परियोजना अघि सारेको छ । खासगरी यहाँको बहुआयामिक गरिवीको दर ५० प्रतिशतभन्दा बढी भएकाले यसलाई सम्बोधन गर्न गरिवीको रेखामुनि रहेका घर परिवारलाई लक्षित गरी अनिवार्य न्यूनतम् आयआर्जन कार्यक्रम सुरु गरिएको छ । यहाँको युवाहरू स्थानीय स्तरमा रोजगार र आयमूलक काम नपाउँदा ठूलो सङ्ख्यामा मौसमी बसाइँसराइको रूपमा भारत जानेलाई सम्बोधन गर्न **बालबालिकालाई लगानी, युवालाई रोजगारी र जेष्ठ नागरिकलाई सम्मान** गर्ने पहल गरिएकोछ । त्यस्तै तेस्रो प्राथमिकताको रूपमा हरित अर्थतन्त्रमा आधारित उत्पादनलाई दिइएको छ । कर्णाली प्रदेश सरकारले खानी, प्राकृतिक स्रोत, कृषि उपजमा आधारित दिगो औद्योगिक विकास र प्रदेशमा रहेका प्राकृतिक सांस्कृतिक स्रोतमा आधारित पर्या तथा सांस्कृतिक पर्यटनका लागि योजना तयार गरिरहेको छ । पर्यटन र वातावरणलाई चौंथो अनि अनुसन्धान, विज्ञान प्रविधि र नवप्रवर्तनलाई पाँचौ त्यसैगरी डिजिटल कर्णालीलाई छैटौ र सातौं प्राथमिकतामा सुशासनलाई दिई कर्णाली प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र निर्माण गरेको छ ।

यी सवै प्राथमिकताहरूको आधारमा विषयगत सोँच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा अपेक्षित उपलब्धि तय भएकाले यी सवै पुरा गर्न दिगो विकासका लक्ष्यहरूलाई आत्मसाथ गरिएको छ । यो दिगो विकासका लक्ष्यहरू समेटिएको कर्णाली प्रदेशको आधार तथ्याङ्क प्रतिवेदनले प्रदेश सरकारका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति पुरा गर्न सहयोग सिद्ध हुनेछ भन्ने कुरामा कर्णाली प्रदेश योजना आयोग विश्वस्त छ । तथापि कोभिड- १९ को विश्वव्याधी महामारीले सामाजिक आर्थिक अवस्थामा पारेको नकारात्मक असरबारे हामी जानकार छौं र यसमा हाम्रो पर्याप्त ध्यान गएको छ । कर्णाली प्रदेश सरकार र प्रदेश योजना आयोगले यस महामारीबाट सिर्जित समस्यासँग जुध्न उपर्युक्त कदम चाल्दै आइरहेको छ र प्रदेशको प्रतिकार्य योजना पनि निर्माण भइरहेको छ ।

यो प्रतिवेदन तयार गर्न मार्गदर्शन दिनु हुने मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष माननीय महेन्द्रबहादुर शाहीज्यूलाई हार्दिक आभार तथा सम्मान व्यक्त गर्न चाहन्छौ । यो प्रतिवेदन तयार गर्न सहयोग गर्न हुने कर्णाली प्रदेश योजना आयोगका सदस्यहरू, कर्मचारीहरू, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छौ । त्यस्तै संयुक्त राष्ट्र सङ्घीय विकास कार्यकम नेपाललाई यो प्रतिवेदन तयारी गर्दा र प्रकाशन गर्दा पुऱ्याएको सहयोगको लागि धन्यवाद दिन चाहन्छौ ।

**कर्णाली प्रदेश योजना आयोग**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# कर्णाली प्रदेश
# योजना आयोग

| | |
|---|---|
| **महेन्द्र बहादुर शाही** | माननीय मुख्यमन्त्री, अध्यक्ष |
| **प्रा.डा. पुण्यप्रसाद रेग्मी** | माननीय उपाध्यक्ष |
| **डा. दीपेन्द्र रोकाया** | माननीय सदस्य |
| **योगेन्द्र बहादुर शाही** | माननीय सदस्य |
| **लक्ष्मीकुमारी बस्नेत** | सदस्य, नि. प्रमुख सचिव |
| **घनश्याम उपाध्याय** | सदस्य सचिव, सचिव-आर्थिक मामिला तथा योजना मन्त्रालय |

# विषय सूची


**१ कर्णाली विशेषको सन्दर्भ** **१**

**२ मापनको आधार र दिगो विकास लक्ष्यका विशेषताहरू** **५**
२.१ दिगो विकासका लक्ष्यः फराकिलो वा वृहत् विकास अवधारणा ९
२.२ दिगो विकासका लक्ष्यः जटिल प्रणाली १०

**३ कर्णाली प्रदेशमा दिगो विकासका लक्ष्य सूचकहरूको आधार तथ्याङ्क अवस्था** **१३**

**४ तथ्याङ्कको उपलब्धता** **२५**

**५ कार्यान्वयन र नीतिगत दिशा** **२९**
५.१ पहिचान ३१
५.२ संयन्त्रहरू ३२
५.३ लगानी ३७
५.४ संस्थाहरू ४०

सङ्क्षेपीकरणको सूची ७८
रेखाचित्र र तालिका सूची ७९
सन्दर्भ सामग्री ८०



*डोल्पा जिल्लामा अवस्थित फोक्सुण्डो ताल । यो ताल समुन्द्री सतहबाट ३६११ मिटर उचाइमा रहेको छ । तालको गहिराइ १४५ मिटर छ । यो कर्णाली प्रदेशको एउटा आकर्षक तथा प्रमुख पर्यटकीय गन्तव्य हो ।*

# १

# अध्याय



# कर्णाली विशेषको सन्दर्भ

कर्णाली प्रदेशको उत्तरमा चीन, पश्चिममा सुदूरपश्चिम प्रदेश तथा पूर्वमा गण्डकी र दक्षिणमा प्रदेश ५ पर्दछन् । यो प्रदेश अन्तर्गत ५४ गाँउपालिका र २५ नगरपालिका छन् भने करिब २९८,३५९ घरधुरीहरु रहेका छन् । ३०,२११ वर्ग किलोमिटरमा फैलिएको कर्णाली प्रदेश भू-भागका हिसाबले सबैभन्दा ठूलो प्रदेश हो । यसले नेपालको कुल भू-भागको २१.६ प्रतिशत जमिन ओगटेको छ । वि.सं. २०६८ को जनगणना अनुसार यहाँ १५,७०,४१८ मानिसहरु बसोबास गर्दछन् । नेपालको कूल जनसङ्ख्याको यो ६ प्रतिशत मात्र हो । कर्णाली सबैभन्दा कम जनघनत्व (५६ जना प्रति वर्ग किमि) भएको प्रदेश हो ।

विकासका थुप्रै आयामहरुमा कर्णाली प्रदेश तुलनात्मक हिसाबले पछि छ । करिब २८.९ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि छन्, प्रतिव्यक्ति आय ६०६ डलर छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम हो । साक्षरता ६२ प्रतिशत (पुरूषको ७२ र महिलाको ५३) रहेको छ ।[१] त्यसैगरी ५१.२ प्रतिशत जनता बहुआयामिक गरिबीमा रहेका छन् (राष्ट्रिय औसत २८ प्रतिशत) । यो प्रदेशको मानव विकास सूचाङ्क ०.४२७ रहेकोछ, जुन राष्ट्रिय औसत ०.४९ प्रतिशतभन्दा थोरै हो ।

कर्णाली बासीको औसत आयु ६७ वर्ष छ जुन अन्य प्रदेशहरुका तुलनामा सबैभन्दा न्यून हो ।[२] पाँच वर्ष मुनिका ५८ बालवालिकाहरुमा कुपोषण छ । साथै ३५.९ प्रतिशत जनताहरु स्वच्छ खानेपानीबाट विमुख छन् र शौचालयको सुविधा पुगेको जनसङ्ख्या केवल ५० प्रतिशत मात्र रहेको छ । यसैगरी प्रदेशमा ४३३ वटा सार्वजनिक स्वास्थ्य संस्थाहरू छन् जुन नेपालको क्रमशः ६ र ८ प्रतिशत मात्र हुन आउँछ ।[३]

भौतिक संरचनाका हिसाबले रणनैतिक सडक सञ्जाल १,१३२ किमी छ जसमध्ये ५१ प्रतिशत पक्की छ, ३५ प्रतिशत धुलाम्य र १३ प्रतिशत ग्राभेल सडक छ । ग्रामीण सडक ८५७.३ किमी छ जसमध्ये ३ प्रतिशत मात्र पक्की छ ।[४] हालसम्म ८.२५ मेगावाट विद्युत राष्ट्रिय ग्रीडमा जोडिएको छ । यस्तै ४८ मेगावाटको भेरी बबई डाइभर्सन (सिचाईं) परियोजना, ९०० मेगावाटको माथिल्लो कर्णाली विद्युत परियोजना, नलसिंहगाड, फुकोट, वेतन, जगदुल्ला, तिला लगायतका परियोजनाहरु निर्माणाधिन छन् ।

यस प्रदेशमा जातीय बनौटको अवस्था हेर्दा सबैभन्दा बढी ब्राम्हण र क्षेत्री (६२ प्रतिशत), दलित (२३ प्रतिशत), जनजाति (१३ प्रतिशत), थारू (०.५ प्रतिशत), मधेशी (०.२४ प्रतिशत) र मुसलमान (०.१८ प्रतिशत) रहेका छन् । सबैभन्दा बढी बोलिने भाषा नेपाली हो (९५ प्रतिशत) र त्यसपछि मगर भाषा बोलिन्छ । अधिकाशं मानिसहरु हिन्दु छन् (९५ प्रतिशत) भने बुद्धमार्गी (३ प्रतिशत), इशाई (१ प्रतिशत) र अन्य (०.२७ प्रतिशत) रहेका छन् ।

प्रदेशले नेपालको कूल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत भन्दा कम योगदान गर्छ । प्रदेशको कूल गार्हस्थ उत्पादनमा जन प्रशासन र रक्षा (११ प्रतिशत) को हिस्सा अधिक छ भने क्रमशः शिक्षा (७ प्रतिशत), स्वास्थ्य र सामाजिक सेवा (७ प्रतिशत), होटेल र रेस्टुरेण्ट (५ प्रतिशत) र अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवासम्वन्धी क्रियाकलाप (५ प्रतिशत) रहेको छ । कृषि, बन पैदावर, निर्माण र वित्तीय क्षेत्रको योगदान असाध्यै न्यून छ जुन क्रमशः ४, ०.७ र ०.९ प्रतिशत रहेको छ ।[५]

नेपालभर वित्तीय संस्थाका ४,२०२ शाखा उपशाखाहरुमध्ये (१५ जुलाई २०१८) यो प्रदेशमा तीन प्रतिशत मात्र रहेका छन् । अन्य प्रदेशहरुको तुलनामा यो सबैभन्दा कम हो । यसका साथै प्रदेशको बैंकमार्फत् नगद सङ्कलन र ऋृण प्रवाहको अवस्था जम्मा एक प्रतिशत रहेको छ । कृषिमा सबैभन्दा बढी उत्पादन आलुको १९९,५००.५४ मेट्रिक टन, यसैगरी मकै १५२,५७७ मेट्रिक टन र दूध १६०,७७२ किलो लिटर रहेको छ । १५.५ प्रतिशत खेतीयोग्य जमिनको भूभागमा सिँचाइको सुविधा छ जुन अन्य प्रदेशहरुको तुलनामा सबैभन्दा कम हो । यो क्षेत्रले प्रत्येक वर्ष १६.८ हजार मेट्रिक टन खाद्य अपर्याप्तता भोग्दै आएको छ ।

---

[१] *तथ्याङ्कमा नेपाल (सन् २०१९)*
[२] *अर्थ मन्त्रालय (सन् २०१९)*
[३] *अर्थ मन्त्रालय (सन् २०१९)*
[४] *संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सन् २०१६)*
[५] *केन्द्रीय तथ्याङ्क विभाग(सन् २०१९)*



▲ *परम्परागत पहिरहनमा सजिएका हिमाली क्षेत्रका महिलाहरू*

कर्णाली प्रदेशमा रारा र से–फोक्सुन्डो तालजस्ता उल्लेख्य पर्यटकीय आकर्षणहरु रहेका छन् । सुर्खेतको काँक्रेबिहारका अवशेषहरु कम्बोडियाका अंकोरवाट मन्दिरहरुसँग मिल्दाजुल्दा देखिन्छन् । अन्य साँस्कृतिक महत्वका स्थानहरुमा देउती बजै, पञ्चकोशी, ज्वाला क्षेत्र, खार्पुनाथ, छायानाथ र चन्दननाथ लगायत मन्दिरहरु पर्दछन् । काञ्जिरोवा, कान्ति र गोरख लगायत अन्य थुप्रै हिमशिखरहरु पनि यहाँ अवस्थित छन् ।

परम्परागत रेशम मार्गका कारण सुर्खेत जिल्ला फास्ट ट्र्याक बन्नसक्दा पश्चिम चीनको अन्तर्राष्ट्रिय व्यापार र पर्यटनको माध्यम बन्न कर्णाली प्रदेशले बलियो सम्भावना बोकेको छ । सार्वजनिक लगानीका केही सामाजिक आर्थिक कार्यक्रमहरुका लागि पनि यो प्रदेश लगानीयोग्य छ । जस्तो कर्णाली रोजगार कार्यक्रमले राष्ट्रिय स्वरुप अँगालेको छ । प्रदेशको भौगोलिक विशालताले गर्दा संरचना निर्माणमा भने खर्च बढी हुने देखिन्छ ।

साथै, उच्च प्रतिफल दिने पर्यटन, कृषि प्रशोधन जडीबुटी र जलविद्युत क्षेत्रमा कर्णाली प्रदेशले ठूलो सम्भावना बोकेको छ । यी सम्भावनाहरुलाई सफल बनाउन संघीय सन्दर्भमा संघीय, प्रदेश र स्थानीय सरकारको भूमिका स्पष्ट पारिनु जरूरी हुन्छ । ठोस भौतिक तथा कार्यक्रमगत् संरचनाहरु कस्तो रहने, आन्तरिक तथा वैदेशिक लगानी कसरी भित्र्याउने र गुणस्तरीय मानव संसाधनको व्यवस्था कसरी गर्ने जस्ता सवालहरुलाई सम्बोधन गर्नु आवश्यक छ ।

संस्थागत विकास र जन प्रशासनमा सुधार ल्याउने हो भने विकासका प्रशस्त अवसरहरु स्थापित गराउन सक्ने अवस्था यस प्रदेशमा रहेको छ । अर्को शब्दमा, उद्यम तथा निजी संघसंस्थाहरुको उत्पादकत्व वृद्धिले व्यवसायहरुमा जनस्तरबाट लगानी र प्रदेशका आर्थिक सम्भावनाहरु अभिवृद्धि गर्न उल्लेख्य भूमिका निर्वाह गर्न सक्छन् ।



# २
अध्याय


*हुम्ला जिल्लामा अवस्थित*
*हिमालको काखमा रहेको लिम्ताङ गाउँ*

# दिगो विकास लक्ष्यहरुका मानकजन्य आधार तथा विशेषताहरू

दिगो विकाशका लक्ष्यहरु एकीकृत ढङ्गबाट सामाजिक समावेशीकरण सहित वातावरणीय रूपमा दिगो आर्थिक विकास गर्ने उद्देश्यबाट आएको हो । मूलतः विश्वव्यापी आदर्श समाज निर्माण गर्ने अभिप्रायबाट आएको दिगो विकासको अवधारणा तलका तीनवटा मान्यताबाट प्रेरित छः

- पहिलो, प्रचुर सम्पन्नताको बीचमा गरिबी रहनु हुन्न ।
- दोस्रो, मुलुकहरूले सामाजिक सद्भाव र गतिशीलता कायम राख्दै असमानताहरू अन्त्य गर्ने र समाज भित्र र बाहिर रहेका थुप्रै विभेदहरूको अन्त्य गर्नुपर्दछ ।
- तेस्रो, पृथ्वीको संरक्षण गर्ने नैतिक दायित्व सबैले लिनु पर्दछ ।

दिगो विकासका लक्ष्य लागु गर्नुअघि, विश्व समुदायले सन् २००१ देखि सन् २०१५ सम्म सहश्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयन गऱ्यो । ती उद्देश्यहरू प्राय सफल नै रहे किनभने तिनीहरूको समयसीमा थियो, परिणाममुखी थिए र मूल्याङ्कन गर्न पनि सजिला थिए । तरपनि, कतिपय सवालहरू विकासका अन्तर्निहित कारणहरू उत्पादक शक्तिको विकास, विकासको गुणात्मकतामा पुग्न सकेनन् । दिगो विकासका लक्ष्य सहश्राब्दी विकास लक्ष्यहरूको निरन्तरता र विस्तार मात्र नभएर तिनीहरूले असमानता, उत्पादक शक्तिको विकास, विकासको र मानव अधिकार जस्ता जटिल मुद्दाहरूलाई पनि सम्बोधन गर्न खोजेको देखिन्छ । विकासको सवालमा यिनले सर्वाङ्गीण चरित्र बोकेका छन् । कतिपय अवस्थामा उद्देश्यहरू धेरै नै माथिल्लो स्तरका भएकोले कतिपय सरकारले ती लक्ष्य तथा परिमाणात्मक लक्ष्यलाई अभिलाषाका रूपमा हेरेको पाइन्छ ।

नेपालको वर्तमान विकास मञ्चबाट हेर्दा १७ वटा दिगो विकासका लक्ष्यलाई निम्न श्रेणीमा विभाजन गर्न सकिन्छः

**सभ्यताको आधारभूत मानकः** प्रविधिको प्रचुरता र वित्तीय अवसरहरूको उपलब्धताले आजको विश्वले अत्यावश्यक आवश्यकताहरूको पूर्ति गर्दै सबै नागरिकको आशा पुरा गर्न सक्ने अवसर उपलब्ध छ । यसलाई २१ औँ शताब्दीमा भौतिक आवश्यकताहरू सम्बोधन गर्न सक्ने आधारभूत मानकको रूपमा लिन सकिन्छ । यसलाई सशक्तीकरणमा आधारित मानव विकास मान्न सकिन्छ जसले मानवीय क्षमताहरूलाई अभिवृद्धि गर्दै उनीहरूको जीवनलाई प्रभाव पार्ने विभिन्न प्रक्रिया र घटनाहरू बहन गर्न सकोस् । गरिबहरूलाई अत्यावश्यक सामग्री उपभोगमा सीमित राखेर फगत आधारभूत आवश्यकता पूर्ति गर्ने अवधारणा मानव विकासका दृष्टिकोणले पराधीनमुखी ठहरिन्छ । सर्वाङ्गिण विकासको अवधारणले मर्यादा र आत्मसम्मान जस्ता सवालहरूलाई निक्कै महत्व दिन्छ, र परिणामस्वरूपः मानिसलाई समग्र प्रक्रियामा भाग लिन प्रेरित गर्छ र आयआर्जन, क्षमता अभिवृद्धि र राजनीतिक आवाज मुखरित गर्न सघाउँछ ।

> **गरिबहरूलाई अत्यावश्यक सामग्री उपभोगमा सीमित राखेर फगत आधारभूत आवश्यकता पूर्ति गर्ने अवधारणा मानव विकासका दृष्टिकोणले पराधीनमुखी ठहरिन्छ ।**

दिगो विकासका लक्ष्यलाई सभ्यता दर्शाउने आवश्यकता मान्न सकिन्छ । यिनले सबै प्रकारका गरिबी सबै ठाँउबाट अन्त्य गर्न आह्वान गर्छन् (लक्ष्य १); भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण हासिल र दिगो कृषि प्रवर्द्धन गर्ने (लक्ष्य २); सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने (लक्ष्य ६); र सबैका लागि किफायती, भरपर्दो, दिगो र उन्नत ऊर्जामा पहुँच सुनिश्चित गर्ने (लक्ष्य ७) सवालमा जोड दिन्छन् ।

**मानवीय क्षमताहरू र निकायको विकास प्रयासः** स्वस्थ्य जीवन र ज्ञानमा पहुँच हुनुलाई विकास लक्ष्यको महत्वपूर्ण कडी मानिन्छ । यसले मानवमा अन्तर्निहित मूल्यलाई उजागर गर्दछ, केवल उत्पादनशील अर्थतन्त्रलाई मात्र योगदान गर्ने होइन । असमानताका सबै स्वरूपहरूको अन्त्य गर्नुलाई आधुनिक, सभ्य र लोकतान्त्रिक राष्ट्र– राज्यको अवधारणा मानिन्छ । समता कायम गर्न मानिसहरूको अवसरहरूमाथि न्यायिक पहुँचमा वृद्धि हुनुपर्छ । अर्थात, विद्यमान शक्ति सन्तुलनमा सुधार आवश्यक पर्छ जसबाट पुँजीको वितरण, जस्तै- जमिन, ऋण, आर्थिक कार्यक्रमहरू-मार्फत



▲ *हुम्ला जिल्लाको लिमी उपत्यका जाने बाटोमा रहेको काठे पुल ।*

सार्वजनिक आयको वितरण, पछाडी परेका समुदाय, जाति लिङ्गका लागि सहभागिताको अवसर वृद्धि लगायत विभिन्न सामाजिक आर्थिक सुधारहरू आवश्यक पर्छ ।

यस समूहमा पर्ने दिगो विकासका लक्ष्यले मानिसका क्षमताहरूलाई अभिवृद्धि गर्न प्रयास गर्दछन् । यिनले स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याण गर्ने (लक्ष्य ३) तथा सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न आह्वान गर्छन् । लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूलाई सशक्त बनाउने (लक्ष्य ५); मुलुकभित्रै र मुलुकहरूबीच असमानता घटाउने (लक्ष्य १०); दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने (लक्ष्य १६) कुराहरु पनि यस अन्तर्गत पर्दछन् ।

**अनवरत प्रगतिको आधार**ः आर्थिक वृद्धि भनेको गुणस्तरीय जीवन यापनका लागि आवश्यक स्रोतहरूको बन्दोबस्त र व्यवस्थापन गर्ने हो । यसले उत्पादकत्वलाई निरन्तर बढाउन अभिप्रेरित गर्छ । मानव विकास भनेको उच्चतम मानवीय तथा सामाजिक विकास गरी उत्पादकत्व वृद्धि गर्नु हो, (जस्तै- पोषणयुक्त खाना, गुणस्तरीय शिक्षा र मर्यादित श्रमवारे जानकारी), जुन मानिसका सम्पति हुन् । मानिसलाई उत्पादनका दृष्टिले मात्र हेरेर पुग्दैन, विकासको अवधारणाले पनि उनीहरूलाई अभिन्न अङ्ग मान्नुपर्छ ।

यस समूह अन्तर्गतका दिगो विकासका लक्ष्यले भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने (लक्ष्य ८), उत्थानशील पूर्वाधारको निर्माण गर्ने, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने (लक्ष्य ९), शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने (लक्ष्य ११), र दिगो उपभोग तथा उत्पादन प्रणाली सुनिश्चित गर्ने (लक्ष्य १२) लक्ष्य राखेका छन् ।

**भविष्यका लागि समृद्धिका जोखिमहरूः** जलवायु परिवर्तन देखि बललिँदो सामुद्रिक उतारचढाव, समुन्द्रतटमा अवस्थित स्रोतहरू र जमिन, जंगल र जैविक विविधतामा देखिएको ह्रासको हेक्का राख्दै आर्थिक वृद्धिलाई कायम गर्न पृथ्वीका प्राकृतिक सम्पदाहरू पनि संरक्षण गर्दै जानुपर्छ। वातावरणको विनासको मूल्यमा भौतिक विकास ठड्याइनु हुँदैन। दिगोपना केवल प्राकृतिक स्रोतहरूको नवीकरणसँग मात्र सम्वन्धित छैन । त्यसैले मानव विकासका दृष्टिकोणले भौतिक, मानवीय, आर्थिक र वातावरणीय स्रोतहरूको प्रयोग गर्दा वर्तमान पिँढीले भावी पिँढीलाई भार नपार्ने तवरले गरिनुपर्छ।

यो समूह अन्तर्गतका दिगो विकासका लक्ष्यले जलवायु परिवर्तन र यसका प्रभावविरुद्ध लड्न तत्काल कारबाही थाल्ने (लक्ष्य १३), समुद्र, र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग (लक्ष्य १४), भूमिजन्य जैविक चक्रको सम्बर्द्धन, पुर्नस्थापना तथा प्रवर्द्धन गरी वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध अभियान, भूक्षयीकरण रोकी भूसंरक्षण गर्ने र जैविक विविधताको ह्रासलाई कम गर्ने (लक्ष्य १५) पर्दछन्। यी लक्ष्यहरूका राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी आयाम रहेका छन्। दिगो विकास लक्ष्य १७ ले दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने उद्देश्य राखेको छ।

दिगो विकासका लक्ष्यलाई यसरी समूहहरूमा प्रस्तुत गर्नुको उद्देश्य विषयगत सन्दर्भका लागि हो। यी लक्ष्यहरूलाई तीनवटा विशेषताहरूले अन्योन्याश्रित रूपमा जोडेका छन् । प्रथमतः यिनले स्वतन्त्रतालाई वृहत् स्वरूपमा अङ्गिकार गर्दै छनौटका अवसरहरू र मानव विकासको बढोत्तरी गर्छन् । दोस्रो, यिनले जटिल प्रणालीका विशेषताहरू दर्शाउँछन् । तेस्रो यी लक्ष्यहरूले सहकार्यका अवसरहरू लगायत सम्झौता गर्नुपर्ने विकल्पहरू पनि पस्किन्छन् । यिनको बारेमा तल सविस्तार चर्चा गरिएको छ।



▲ *जुम्लाको प्रसिद्धि कमाएको कालो सिमीको बिस्कुन सुकाउँदै एक महिला। यहाँको सिमीको दाल देशैभरी प्रसिद्ध छ।*

## २.१ दिगो विकासका लक्ष्यः विकासको वृहत् अवधारणा

राष्ट्रका बहुमुल्य सम्पति नै मानिस हुन् र विकासको अन्तिम प्रतिफल पनि उनीहरूले बहन गर्नुपर्छ भन्ने मान्यताबाट संयुक्त राष्ट्रसंघले मानव विकासलाई मानिसका छनौट गर्ने अवसरहरू प्रदान गर्ने प्रकृयाको रूपमा परिभाषित गरेको छ। यी अवसरहरू असीमित पनि हुनसक्छन् तर मुख्यतः लामो र स्वस्थ्य जीवन जीउने, ज्ञान हासिल गर्ने र गुणस्तरीय जीवनयापनका लागि आवश्यक स्रोतसाधनमा पहुँच राख्ने रहेका छन् । सामाजिक, आर्थिक र राजनैतिक स्वतन्त्रताहरूको प्राप्ति लगायत रचनात्मक र उत्पादनमुखी बन्नु र आत्मसम्मान र मानवअधिकारको प्रत्याभूतिलाई अतिरिक्त छनौटका रूपमा लिन सकिन्छ।[६]

अमर्त्य सेन लगायतको अध्ययनमा मानव विकासको समग्र रूपरेखाले गरिबीलाइ केवल आयबाट मात्र होइर्न मुख्यरूपमा क्षमताहरूबाट च्यूत भएको अवस्थालाई जनाउँछ। अर्थपूर्ण मर्यादित जीवन जिउन पाउने अवसरहरूको छनौट गर्ने अवसरबाट बञ्चितीकरणमा पर्नु नै गरिबी मानिन्छ। मानव विकासको अवधारणाले मानिसको सक्षमताको विकास कसरी भएको छ र त्यो सक्षमताको उपयोग कति भएको छ भन्ने कुरामा जोड दिन्छ। अवसरहरू अभिवृद्धि गर्न मात्र आय महत्वपूर्ण ठहरिन्छ। त्यसैले यो समग्र अवधारणा दुई खम्बामा प्रतिविम्बित हुन्छ :

- मानव क्षमताहरूको निर्माण गर्ने, जस्तै शिक्षित हुने, स्वस्थ्य हुने र स्रोतहरूमाथि पहुँचमा प्रभुत्व स्थापित गर्ने;
- मानिसले हासिल गरेको क्षमतालाई फुर्सदको सदुपयोग, उत्पादन, राजनैतिक तथा आर्थिक स्वतन्त्रता र सामाजिक साँस्कृतिक सवालहरूमा सहभागिताका लागि उपयोग गर्ने।

**क्षमताहरू अभिबृद्धि गर्ने र अवसरका छनौट बढाउदै लैजाने सोचबाट विकासलाई सँगै लानुपर्छ।**

विकासको स्वभाविक मान्यता आय बढाउनु भएपनि, गुणस्तरीय जीवनका लागि असल शिक्षा र पोषण, स्वच्छ वातावरण लगायत उच्च व्यक्तिगत स्वतन्त्रता जस्ता अरू थुप्रै पक्षहरू जोडिएका हुन्छन् । यसको अर्थ उच्च आम्दानी आवश्यक भएपनि यो आफैमा पर्याप्त भने हुँदैन।

विकासको अन्तिम प्रतिफल पाउने जनता नै हुन् भन्ने अवधारणाको सार "कोही पनि नछुट्न" भन्ने सिद्धान्त हो। बहुमुखी विभेदहरू (लिङ्ग, वर्ग, जातीयता, जात लगायत) लाई सम्बोधन गर्ने सुझबुझपूर्ण नीतिगत अभ्यासहरू आवश्यक पर्दछ । साथै भौगोलिक एवं संकटापन्नताको कारणले पछाडी परेकाहरू समक्षमा पुग्न राज्यले विशेष पहल गर्नुपर्छ। उदाहरणका लागि इतिहासदेखि नै अन्यायमा परेकाहरूको हकमा सकारात्मक विभेदको माध्यमद्वारा परिवर्तनकारी कदम लिन सकिन्छ। सामाजिक साँस्कृतिक विविधताले भरिपूर्ण तर भौगोलिक हिसाबले दुर्गम र केन्द्रीकृत शासन प्रणालीबाट इतिहासदेखि नै बञ्चितीकरणमा परेको कर्णाली प्रदेशमा यी प्रयासहरूले विशेष महत्व राख्दछन्।

क्षमताहरू अभिवृद्धि गर्ने र अवसरका छनौट बढाउदै लैजाने दुवै पक्षलाई विकासले सँगै लानुपर्छ । पिङकर (सन् २०१८) को भनाईमा विकासका हरेक आयाममा विश्व सुधारोन्मुख छ।

[६] *मानव विकास प्रतिवेदन १९९० (पृ. १०)*

## २.२ दिगो विकासका लक्ष्यः एक जटिल प्रणाली

दिगो विकास मानकजन्य अवधारणा मात्र होईन, यो एउटा जटिल विज्ञान हो जसमा आर्थिक, सामाजिक, वातावरणीय र शासकीय पक्षहरू समेटिएका हुन्छन्। यसको अन्तरसम्बन्धले एउटा जटिल प्रणाली निर्माण गर्छ। यसको योगफल यी चारवटा पक्षको कूल योगफल भन्दा बढी हुन्छ।[७] उदाहरणका रूपमा, युवा रोजगारी सीप र शिक्षासँग मात्र गाँसिएको हुँदैन, यो यातायात सँगको पहुँचदेखि विद्यालय भर्ना दरसँग पनि सम्वन्धित हुन्छ।

स्यास (सन् २०१५)ले उल्लेख गरे झैँ, अन्तर्राष्ट्रिय अर्थतन्त्रका जटिल प्रणालीहरूले गर्दा सामाजिक अन्तरसम्बन्ध, जलवायु परिवर्तन र यसका चुनौतिहरू बहन गर्न सक्ने समान अवस्था देखिदैन। उदाहरणका लागि यो प्रणालीमा आइपर्ने सामान्य परिवर्तनले पनि पृथ्वीको समग्र प्रणालीमा ठूलो प्रभाव पार्न सक्छ।

यस्तो जटिल सम्बन्ध बुझ्न प्रणालीगत अवधारणा सहयोगी हुन्छ। यो अवधारणाका अनुसार दिगो विकास भन्नु नै वातावरण, आर्थिक तथा सामाजिक प्रणालीहरू अन्तर्गत लक्ष्यहरू हासिल गर्नु हो।[८] वर्तमान अवस्थामा सुशासन थप महत्वपूर्ण कडीका रूपमा देखापरेको छ। स्यास (सन् २०११) का अनुसार दिगो विकासका लागि एकीकृत विश्व अर्थतन्त्रका जटिल प्रणालीहरूको राम्रो बुझाई आवश्यक पर्दछ। स्थानीय र समुदाय तहमा विश्वास जगाउन, नैतिक अभ्यास बढाउन, असमानता कम गर्न सामाजिक सञ्जालहरूको प्रयोग गर्नेतर्फ सूचना प्रविधिहरूको प्रयोगलाई विकास गर्नु हो। जलवायु परिवर्तन तथा जैविक विविधता जस्ता विषयहरूमा यसले जोड दिदै पर्यावरण र वातावरणमा भैरहेका फेरबदलहरूको अध्ययन, सुशासनका चुनौतीहरूको अध्ययन लगायत सरकार र उद्यमहरूबाट भएको उपलब्धी सम्बन्धमा अनुसन्धान गर्दछ।

**चित्र २.१: विभिन्न क्षेत्रहरूको परस्परको सम्बन्ध**




चित्र २.१ ले दिगो विकासको प्रणालीगत अवधारणालाई प्रस्तुत गर्दछ। यहाँ आर्थिक, सामाजिक, वातावरणीय र शासकीय गरी चार आयामलाई औल्याइएको छ। परस्पर जोडिएको घेरा प्रत्यक्ष वा परोक्ष रूपमा एक आपसमा सम्बन्धित छन्। उदाहरणका लागि, दिगो विकास लक्ष्य १ (गरिबीको अन्त्य) सामाजिक आर्थिक प्रकृतिको छ भने लैङ्गिक असमानतालाई सामाजिक समूह अन्तर्गत समावेश गर्न सकिन्छ। आर्थिक सामाजिक समूहले बढी आय (महिलाको हकमा) गर्दा गरिबी मात्र न्यूनीकरण नभएर, महिला सशक्तिकरणमा पनि योगदान गर्छ र लैङ्गिक समानता प्रवर्द्धनमा सघाउँछ।

त्यसैगरी, आपसमा खप्टिएका खण्डहरूले चारओटै समूहगत प्रणालीलाई प्रतिनिधित्व गर्छन्। उदाहरणका लागि उच्च आयले गरिबीको अन्त्य (लक्ष्य १) गर्न मात्र सघाउँदैन, गरिबका लागि शैक्षिक अवसरमा पनि सुधार ल्याउँछ (लक्ष्य ४), वातावरणप्रति सचेत नागरिक तयार पारी जलवायु सम्वन्धी काम गर्न (लक्ष्य १३) र जवाफदेही र प्रभावकारी संस्थाहरू निमार्ण गर्न प्रेरित गर्छ।

दिगो विकासका सबै लक्ष्यहरू एकैपटक हासिल हुन सक्दैनन्। यस्तो अवस्थामा अर्थतन्त्रले मानवीय वञ्चितीकरण घटाउन सहयोग गर्नुपर्छ, साथै जैविक पुनर्उत्पादन र पर्यावरणको भार वहन गर्नसक्ने गरी सामाजिक न्याय र सुशासनमा जोड दिनुपर्छ।[९] होमबर्ग र स्यानब्रुक (सन् १९९२) का अनुसार समग्र प्रणालीमा एउटा लक्ष्यका अन्य प्रभावहरूलाई उपेक्षा गरी सिङ्गो लक्ष्य हासिल गरेर दिगो विकास प्राप्त हुँदैन। उदाहरणका लागि कलकारखानाहरूका लागि आवश्यक कच्चा पदार्थको बढी प्रयोगले अर्थतन्त्रमा सुधार त ल्याउला तर सो कदमले नकारात्मक वातावरणीय तथा सामाजिक असरहरू पार्ने सम्भावना पनि रहन्छ।

---

[७] *स्यास (सन् २०१५)*
[८] *वारवियर (सन् १९८७)*
[९] *वारवियर र बर्जेस सन् २०१७*



*बस्तुभाउका लागि घाँसको भारी बोकेर घरतिर लाग्दै एक महिला*

*परम्परागत लोक बाजा दमाहा बजाउँदै स्थानीय एक समूह । खासगरी दलित समुदायले पुस्तौदेखि यो बाजा बजाउँदै आएका छन् । पहाडी भेकमा चाडपर्व र खुशीयाली मनाउने विभिन्न अवसरमा बजाइने यो बाजा निकै प्रसिद्ध छ ।*



# ३
# अध्याय



# कर्णाली प्रदेशमा दिगो विकासका लक्ष्य सूचकहरूको आधार तथ्याङ्क अवस्था

विगत वर्षहरूमा केही सामान्य सुधार देखिएपनि कर्णालीको विकासको समग्र दिगो विकासका आधार तथ्याङ्क सूचकहरूको अवस्था राम्रो छैन । जनसङ्ख्याको ठूलो हिस्सा, विशेषगरी महिलाहरू गरिब र अशिक्षित छन्, कृषि उत्पादन कमजोर छ, संरचना पर्याप्त छैनन् र अवसरहरूमा न्यून पहुँच छ । यसकारण स्वास्थ्य, शिक्षा र स्रोतसाधनमा गुणस्तरीय प्रगति हुन सकेको छैन । अन्य प्रदेशभन्दा कर्णाली गरिब छ । राष्ट्रिय स्तरको उपभोगमा आधारित गरिबी २५.१ प्रतिशत रहँदा कर्णालीको गरिबी ३८.८ प्रतिशत रहेको छ । ३५.३ प्रतिशत बालवालिकाहरू गरिब छन्[१०] भने अन्तर्राष्ट्रिय स्तरमा प्रचलित १.९ अमेरिकी डलरभन्दा कम आय भएकाको जनसङ्ख्या २७.१ प्रतिशत रहेको छ (तालिका ३.१) ।

त्यसैगरी प्रदेशको बहुआयामिक गरिबी सूचाङ्क (एमपीआई), ५१.२ रहेको छ जुन अन्य प्रदेशहरूभन्दा उच्च हो । प्रतिव्यक्ति गणनाको आधारमा आधाभन्दा बढी जनसंख्या बहुआयामिक गरिबीमा रहेका छन् ।

### तालिका ३.१: गरिबीको व्यापकता

| प्रदेश | अ) प्रतिव्यक्ति प्रतिदिन (क्रयशक्ति समताका आधारमा) गरी १.९ डलरको आधारमा जनसङ्ख्याको प्रतिशत | आ) बहुआयामिक गरिबी सूचक दर प्रतिव्यक्ति | इ) प्रतिव्यक्ति राष्ट्रिय गरिबी रेखा (जनसङ्ख्या प्रतिशतमा) | ई) राष्ट्रिय गरिबी रेखामुनि रहेका बालवालिकाहरू (५ वर्ष मुनि प्रतिशतमा) |
|---|---|---|---|---|
| राष्ट्रिय | १४.९ | - | २५.२ | ३६ |
| प्रदेश १ | ७.४९ | ०.०९ | १६.७४ | २४.४८ |
| प्रदेश २ | १५.४३ | ०.२२ | २६.६९ | ३५.१२ |
| बाग्मती प्रदेश | १३.८७ | ०.०५ | २०.५९ | ३४.६३ |
| गण्डकी प्रदेश | ११.०९ | ०.०६ | २०.८७ | २८.३७ |
| प्रदेश ५ | १४.१७ | ०.१३ | २४.५२ | २९.२१ |
| कर्णाली प्रदेश | २७.५४ | ०.२३ | ३८.८३ | ४८.०५ |
| सुदूरपश्चिम प्रदेश | २७.०३ | १.१५ | ४५.६१ | ५९.३८ |

*स्रोत :[११] अ, इ, ई (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११), आ (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१४) ।*

खेतीयोग्य जमिनको जम्मा ३१.५ प्रतिशत मात्र सिँचाईको सुविधा भएकाले यस प्रदेशले अक्सर खाद्य समस्या भोग्दै आएको छ । प्रत्येक वर्ष १६.८ हजार मेट्रिक टन खाद्यान्न कमी रहदै आएको छ । त्यसैगरी, राष्ट्रिय औषत खाद्यान्न उत्पादन १९७ केजी र कर्णालीको प्रतिव्यक्ति खाद्य उत्पादन १८५ केजी मात्र छ । औसतमा साना खाद्य उत्पादकहरूको वार्षिक आय पनि कमै (जम्मा रु २८,१०२) रहेको छ । करिब ६३.१ प्रतिशत जनसंख्याले कुल उपभोगको दुई तिहाई खाद्यमा खर्चिन्छन् (राष्ट्रिय औसत ४४ प्रतिशत छ) ।

अर्थशास्त्रीय सिद्धान्त अनुसार धरधुरीको आम्दानी जति बढ्दै जान्छ, सोही अनुपातमा खाद्यान्नमा हुने खर्च कम हुन्छ । नीतिगत दृष्टिकोणबाट पनि उपरोक्त तथ्यले प्रदेशको औसत जीवनस्तरबारे बताउँछ भने खाद्य सामग्रीमा मूल्य बढ्दा जोखिम बढ्दै जाने कुराको उजागर गर्दछ । खाद्यान्न किन्न सक्ने क्षमता र खाद्यान्नको उपलब्धताको मानव स्वास्थ र समग्र कल्याणसँग प्रत्यक्ष सम्बन्ध छ । उदाहरणका लागि प्रदेशका करिब २९.४ प्रतिशत पुनः प्रजनन् गर्न सक्ने उमेर समूहका महिला रक्तअल्पताबाट ग्रसित छन् (राष्ट्रिय औषत ३३.५ रहेको छ) । रक्तअल्पतालाई लुकेको भोकमरीका

*[१०] पाँच बर्ष मुनिका बालवालिका भएका र निरपेक्ष गरिबीको रेखामा रहेका घरधुरीहरू*
*[११] राष्ट्रिय योजना आयोग र अक्सफोर्ड*

रूपमा चिनिन्छ जसको कारणबाट गर्भावस्थामा समस्या निम्तिन्छ र नवजात शिशुको शारिरीक तथा मानसिक विकास समस्याग्रस्त हुन्छ। यसैगरी, प्रदेशमा ५ वर्ष मुनिका बालवालिका बीच कुपोषणले दुब्लो पातलो हुने अवस्था ७.५ प्रतिशत रहेको छ।

महिला साक्षरतामा सुधारहरू भएतापनि प्रदेशमा नियमित रुपमा गरिनुपर्ने गर्भावस्थाको जाँच तुलनात्मक रूपमा कम छ (रेखाचित्र ३.१)। त्यसैगरी कर्णालीमा स्वास्थ्य संस्थामा गएर सुत्केरी सेवा लिन प्रतिशत जम्मा ३६ प्रतिशत रहेको छ जुन प्रदेशहरूको बीचमा अन्तिमबाट तेस्रो हो। तरपनि, महिलाहरूबीच बढ्दो साक्षरताले गर्दा स्वास्थ्यमा सुधारोन्मुख प्रतिफलहरू देखिएको छ। चारमा दुईजना महिलाहरूले गर्भावस्थामा गरिनुपर्ने जाँच तोकिएको संस्थाहरूबाट लिएको अवस्था छ। प्रदेशहरूको तथ्याङ्क विश्लेषण गर्दा शैक्षिक दर उच्च रहँदा बढीभन्दा बढी महिलाहरूले गर्भावस्थाको जाँच गराएको पाइयो (रेखाचित्र ३.२)।

साथै झण्डै ८३.३ प्रतिशत नावालकहरूले तीन खोपहरू (डिपीटी, हेपाटाइटिस र एचआइबी) लिएको अवस्था छ। महिला शिक्षाको प्रतिफल स्वास्थ्य सेवा, विशेषगरी बालवालिकाहरूमा देखिएको छ। यसैगरी ७ प्रतिशत धरधुरीले आफ्नो आयको ठूलो हिस्सा स्वास्थ्यमा खर्चन्छन्।

**रेखाचित्र ३.१: कुपोषण र गर्भावस्था जाँच**




*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

नवजात शिशु मृत्युदर प्रति १००० जीवित जन्ममा २९ र पाँचवर्ष मुनिकाको मृत्युदर प्रति १००० जीवित जन्ममा ५८ छ। नवजात शिशु मृत्युदर घटाउने प्रयास स्वरूप सफा खानेपानी, स्वास्थ्य र सरसफाइको पहुँचमा सुधार लगायत प्राथमिक स्वास्थ्य सेवा, खाद्य र शिक्षाको उपलब्धतामा अभिवृद्धि भएको छ। स्वास्थ्यसँग सम्वन्धित अन्य सूचकहरूमा उच्च रक्तचाप भएका १५ वर्ष माथिका ११ प्रतिशत पुरुष र २०.९ प्रतिशत महिलाले औषधि सेवन गरिराखेको अवस्था छ।

## रेखाचित्र ३.२ : साक्षरता र गर्भावस्था जाँच




*स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

## रेखाचित्र ३.३ : नवजात शिशु मृत्युदर र गर्भावस्था पश्चात जाँच




*स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

स्वास्थ्य सेवाहरू नजिकै हुँदा तिनले स्वास्थ्यप्रति सचेतना र स्वास्थ्य सेवा लिनुपर्छ भन्ने शिक्षा जगाउनुको अतिरिक्त जनमानसलाई उपलब्ध सेवाको उपयोग गर्न प्रेरित गर्दछन्। नेपाल जीवनस्तर सर्वेक्षणको तथ्याङ्कले दर्शाएअनुसार २३.६ प्रतिशत घरधुरीहरू स्वास्थ्य संस्थाबाट ३० मिनेट भित्रको पहुँचमा छन्। भौगोलिक सूचना प्रणालीले पनि उस्तै अवस्था देखाएको छ जहाँ ४६ प्रतिशत मानिस बर्षायाममा एकघण्टा भन्दा बढी समय हिँडेर सबैभन्दा नजिकको स्वास्थ्य सेवामा पुग्छन्।

**रेखाचित्र ३.४ : स्वास्थ्य संस्थामा पुग्न लाग्ने अनुमानित समय (बर्षा याममा)**




*स्रोतः विश्व बैंक आँकलन*

**रेखाचित्र ३.५ : साक्षरता प्रतिशत**




*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (२०१६)को सर्वेक्षण अनुरूप विश्व बैंकको आँकलन*

व्यक्तिको मूल्य मान्यता अनुरूपको जीवन जीउन आवश्यक पर्ने क्षमताहरूलाई प्रस्फुटन गर्न आवश्यक पर्ने उच्च शिक्षा र समीक्षात्मक सोचको पूर्वसर्त साक्षरता हो। कर्णाली प्रदेशको साक्षरता उत्साहजनक छ। उदाहरणका लागि, १५-२४ वर्षका युवा समूहमा पुरुष र महिलाको साक्षरता क्रमशः ९८ प्रतिशत र ९२ प्रतिशत रहेको छ (रेखाचित्र ३.५)। १५-४९ वर्षका पुरुषको साक्षरता ९१.५ छ भने महिलाहरू निकै पछाडी वा ६६.१ प्रतिशत रहेको छ।

आर्थिक क्रियाकलापमा महिलाहरूको कम सहभागिता र अर्थतन्त्रमा उनीहरूको योगदान कम हुनुमा उनीहरूको न्यून साक्षरता पनि जोडिन्छ। उदाहरणका लागि, १०० जना पुरुषको तुलनामा ४४ जना महिलाहरू मात्र श्रमशक्तिमा संलग्न छन्। यसैगरी महिलाहरूले २४ प्रतिशत समय घरेलु काम र स्याहारमा बिताउँछन् जसबाट प्रत्यक्ष आय हुँदैन। सम्पतिको हकमा करिब ८.५ प्रतिशत महिलाहरूसँग मात्र जग्गाको स्वामित्व छ जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा कम हो। सम्पतिमा पहुँच रहँदा घरायसी र सामुदायिक निर्णय प्रक्रियामा महिलाहरूको सकारात्मक सहभागिता रहन्छ। यसले आर्थिक स्वतन्त्रता प्रदान गर्छ र उत्पादन र रोजगारीमा सहभागी हुन सघाउँछ। अचल सम्पतिमा पहुँच हुँदा बित्तिय संस्थाबाट ऋण पाउन र व्यवसाय शुरु गर्न निकै सहयोगी हुन्छ। लक्ष ८ अनुरूप श्रम बजारमा महिलाहरूको सक्रिय सहभागिताले अर्थतन्त्रको उत्पादनशीलता वृद्धि गर्न र रोजगारी सिर्जनामा सहयोगी हुन्छ।

यौन तथा प्रजनन अधिकारमा पहुँच र मातृ मृत्युदर घटाउने विषयलाई अलग गरेर हेर्न मिल्दैन। यसको सम्बन्ध सरुवा रोग लाग्ने अवस्थासँग पनि छ। कर्णाली प्रदेशमा १५-४९ वर्ष समूहका ४४.५ प्रतिशत महिलाहरूले परिवार नियोजनका साधनहरूको प्रयोगबारे आफैं निर्णय लिन्छन्। कर्णाली प्रदेशमा १८ वर्ष पहिले हुने वालविवाह ५१.१ प्रतिशत र १५ वर्ष पहिले हुने वालविवाह १४.७ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतभन्दा बढी हो।

**रेखाचित्र ३.६: २०-२४ वर्षका महिलाहरु जो विवाहित छन् वा सँगै बस्छन्**




*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

**कर्णाली प्रदेशमा १५-४९ वर्ष समूहका ४४.५ प्रतिशत महिलाहरूले परिवार नियोजनका साधनहरूको प्रयोगबारे आफैं निर्णय लिन्छन।**

**तालिका ३.२: समानताको गहिराइ ।**

| प्रदेश | क) जिनी गुणाङ्कको आधारमा मापन गरिएको | ख) पल्मा सूचक | ग) कूल आयमा ४0 प्रतिशतभन्दा कम हिस्सा हुने जनसंख्या | कूल उपभोगमा ४0 प्रतिशतभन्दा कम हिस्सा हुने जनसंख्या |
|---|---|---|---|---|
| राष्ट्रिय | ०.३२८ | १.३ | ५.३ | १८.७ |
| प्रदेश १ | २८.९३ | १.०६ | ९.३४ | २०.९५ |
| प्रदेश २ | २९.५० | १.११ | १०.८५ | १९.५२ |
| बाग्मती प्रदेश | ३५.३३ | १.४५ | ५.४८ | १६.२५ |
| गण्डकी प्रदेश | ३४.६६ | १.४१ | ७.८१ | १८.९२ |
| प्रदेश ५ | ३२.४९ | १.२८ | ४.५७ | २०.२८ |
| कर्णाली प्रदेश | २७.०१ | ०.९३ | २.८६ | २१.३८ |
| सुदूरपश्चिम प्रदेश | ३०.२२ | १.१३ | १.७३ | २१.०४ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग (सन् २०११) को प्रतिवेदनमा आधारित विश्व बैंक आँकलन*

कर्णाली प्रदेश आफैभित्र तुलनात्मक रूपले कम असमान छ, तर यसो हुनुमा सम्भवतः अर्थतन्त्रको आकार सानो हुनु र परम्परागत जीविकोपार्जन अर्थतन्त्रको बाहुल्यताका कारण हुनु पनि हुनसक्छ । पुछारमा रहेका ४० प्रतिशत जनसङ्ख्याको उपभोगको अवस्था लगभग २१.३ प्रतिशत छ भने सबैभन्दा तल रहेका २० प्रतिशतको ७.९७ प्रतिशत छ । आर्थिक असमानता मापन गर्ने जिनी गुणाङ्क ०.२७ रहेको छ । कर्णालीको जिनी गुणाङ्क देशकै सबै भन्दा कम रहेको छ । असमानता मापन गर्ने अर्को पल्मा सूचक-जसले राष्ट्रिय खपतको माथिल्लो १० प्रतिशत र अन्तिमको ४० प्रतिशत मापन गर्छ, कर्णालीको हकमा त्यो ०.९२ रहेको छ। यसको अर्थ माथिल्लो १० प्रतिशत रहेको जनसङ्ख्याले तल्लो तहमा पर्ने ४० प्रतिशत जनसङ्ख्या भन्दा बढी कमाउँछ भन्ने हो (तालिका ३.२)। यसैगरी रोजगारीमा लागेकाहरू मध्ये दैनिक १.९ डलर भन्दा कम आय गर्नेको प्रतिशत २५.६ रहेको छ।

अन्य प्रदेशहरूको तुलनामा कर्णालीमा सीमित सेवा तथा साधनहरू उपलब्ध छन् । उदाहरण, जम्मा ६७.५ प्रतिशतले विद्युत सेवा उपभोग गर्न पाएका छन् जव कि राष्ट्रिय औसत ९०.८ प्रतिशत रहेको छ।

यसैगरी स्वच्छ ऊर्जा प्रविधिलाई मुख्य स्रोतको रूपमा प्रयोग गर्ने १०.३ प्रतिशत छ भने दाउरा, गुइठा प्रयोग गर्ने ८९.५ प्रतिशत रहेको छ र ग्याँसबाट खाना पकाउने ९.५ प्रतिशत रहेको छ । खाना पकाउने उद्देश्यका लागि विजुलीको तुलनामा स्वच्छ ऊर्जा र दाउराको प्रयोग हेर्दा बिजुलीको पहुँच भएका घरधुरीहरूले खाना पकाउन स्वच्छ ऊर्जा प्रयोग गरेको पाईन्छ (रेखाचित्र ३.७) ।

**रेखाचित्र ३.७ : स्वच्छ ऊर्जा, दाउरा र विद्युतमा पँहुच**




*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

गरिवी निवारण, लैङ्गिक समानता र जलवायु परिवर्तनसँग सम्वन्धित दिगो विकासका लक्ष्य प्राप्त गर्न पनि स्वच्छ ऊर्जा र प्रविधिहरू महत्वपूर्ण हुन्छन् । यस अर्थमा, प्रविधिहरूमा सुधार र मूल्यमा कमी आँउदै गर्दा गरिबी निवारण, स्वास्थ्य र दिगो विकासका प्रयासहरूलाई एकिकृत तवरले सञ्चालन गरिनु पर्ने देखिन्छ । प्रदेशमा सीमान्तकृत समुदायहरूले आवश्यक प्रविधिहरू र वितरणको लाभ पाएका छैनन् । यसको समाधानका लागि विकासका प्रयासहरूलाई तीव्रता दिंदै समावशीतालाई पनि सुनिश्चित गर्न आवश्यक छ ।

प्रदेशले हालसम्म आफ्नै जलविद्युत उत्पादन नगरिसकेको अवस्थामा, ऊर्जामा भएको कमीलाई सम्बोधन गर्न वैकल्पिक ऊर्जाका स्रोतहरूको खोजी गर्नु आवश्यक देखिन्छ। विद्युत र ऊर्जा सेवासँग विद्युतीय यातायातका साधनहरूको प्रयोगसँगै सहरीकरण गरिँदा दिगो विकासका विभिन्न लक्ष्यहरू हासिल गर्न मद्दत मिल्छ ।

युवा वेरोजगारीको अवस्था समग्र अल्प रोजगारीभन्दा निकै माथि छ (चित्र ३.८) । दिगो विकासलाई सार्थक बनाउने हो भने आय आर्जनकै लागि प्रवासमा जाने प्रवृत्तिलाई रोक्नु पर्दछ भने युवा बेरोजगारीको समस्याको सम्बोधन गर्नु पर्छ । यसका लागि लघु र साना उद्योगहरूको प्रवर्द्धन, अहिलेको ४.५ प्रतिशतमा रहेको रोजगारीलाई वृद्धि गरी गरिबमुखी रोजगारी बढाउनु पर्दछ (चित्र ३.९) । साथै उच्च प्रतिफल दिने पर्यटन, जडीबुटी र कृषि प्रशोधन जस्ता क्षेत्रहरूको विकास गर्दै, विकल्पहरू सिर्जना गरी मूल्य शृङ्खलासँग जोडेर आर्थिक वृद्धि कायम गर्न आवश्यक छ ।

**स्वच्छ ऊर्जा प्रविधिलाई मुख्य स्रोतको रूपमा प्रयोग गर्ने १०.४ प्रतिशत छ भने दाउरा, गुइठा प्रयोग गर्ने ८९.५ प्रतिशत रहेको छ र ग्यासबाट खाना पकाउने ९.५४ प्रतिशत रहेको छ ।**

## रेखाचित्र ३.८: बेरोजगारी र अल्परोजगारी




*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग (सन् २०११)*

## रेखाचित्र ३.९: कूल अनुपातमा उत्पादनमुखी रोजगारीको हिस्सा




*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग (सन् २०११)*

## रेखाचित्र ३.१०: सरसफाइ, सफा पानी र खरको छाना भएका घरधुरी




*स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

सडकको पहुँच र सेवाहरू उपलब्धताको सवालमा यो प्रदेशमा झण्डै ३,१३२ किमी सडक सञ्जाल छ। सडक घनत्व ८.७२ किमी/१०० वर्ग किमी भएकोमा १९ प्रतिशत घरधुरीका लागि आधा घण्टा मात्र पैदल यात्रा गरी पक्की सडक पुग्ने अवस्था छ। जम्मा ११ प्रतिशत मानिससँग वित्तीय सेवाको पहुँच छ। प्रदेशको उत्तरी भागका १३ प्रतिशत मानिसहरू सबैभन्दा नजिकको वित्तीय संस्थामा पुग्न हिउँदमै औसतमा २ घण्टा हिँड्नुपर्ने अवस्था छ (चित्र ३.११)।

**रेखाचित्र ३.११: वित्तीय संस्थामा पुग्न लाग्ने अनुमानित समय (हिँउदमा)**




*स्रोत : विश्व बैंक आँकलन (सन् २०१३)*

खानेपानी तथा सरसफाईतर्फ ८६.१ प्रतिशत जनताको सफा पानीमा पहुँच छ जुन अन्य प्रदेशको तुलनामा सबै भन्दा उच्च हो। झण्डै ३६.१ प्रतिशत घरधुरीको खानेपानी धारामा पहुँच छ। कर्णालीमा १५.४ प्रतिशत घर खरले छाएका छन् (चित्र ३.१०)। पाइपमार्फत खानेपानी सुविधा भएका धरधुरीहरूबीच सरसफाईको अवस्था तुलनात्मक हिसाबले उच्च छ। यस अर्थमा पाइपमार्फत खानेपानी सेवाप्राप्त घरधुरीहरूले सरसफाईका आधुनिक सेवाहरू बढी नै प्रयोग गरेको अनुमान गर्न सकिन्छ।

**रेखाचित्र ३.१२ः मोबाइल फोन र इन्टरनेट (महिलाको हकमा)**




*स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सन् २०१६)*

यसैगरी डिजिटल संरचना र सूचना, सञ्चार तथा प्रविधिहरूको प्रयोगका हकमा १५-४९ वर्षका ६९.२ प्रतिशत महिलाहरूसँग मोबाइल छ भने ७.१ प्रतिशतले इन्टरनेट चलाउँछन् (चित्र ३.१२) । अर्कोतर्फ, उही उमेर समूहका मोबाइल प्रयोग गर्ने पुरुषहरूको सङ्ख्या ८३.६ प्रतिशत र झण्डै २८.१ प्रतिशतले इन्टरनेट चलाउँछन् । प्रदेशमा मोबाइलको प्रयोग बढ्दो छ । सर्बसुलभ तरिकाले सेवा विस्तार गर्न सेवा प्रदायकहरू लागिपरेको देखिन्छ र जीवनउपयोगी सेवा वृद्धि गर्ने क्रममा इन्टरनेटको प्रयोग बढ्दो छ ।

**डिजिटल संरचना र सूचना, सञ्चार तथा प्रविधिहरूको प्रयोगमा १५-४९ वर्षका ६९.२ प्रतिशत महिलाहरूसँग मोबाइल छ भने ७.१ प्रतिशतले इन्टरनेट चलाउँछन् । उही उमेर समूहका मोबाइल प्रयोग गर्ने पुरुषहरूको सङ्ख्या ८३.६ प्रतिशत र झण्डै २८ प्रतिशतले इन्टरनेट चलाउँछन् ।**



विकास र समृद्धिको फल पर्खिरहेका आँखाहरूः कैके गाउँपालिका, डोल्पाका स्थानीय झ्यालबाट चिहाउँदै ।

# ४
# अध्याय



# तथ्याङ्कको उपलब्धता

## दिगो विकास लक्ष्यका सूचकहरुको सन्दर्भमा प्रदेश तहमा तथ्याङ्कको उपलब्धता

दिगो विकासका लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्र सन् २०१६-२०३० मा समावेश सूचकहरु मध्येबाट प्रदेशले कूल ३५० सूचकहरु प्रदेशका लागि सान्दर्भिक ठानेकोमा जम्मा १२० सूचकहरुसँग सम्वन्धित तथ्याङ्क उपलब्ध छ। तसर्थ आधार तथ्याङ्क प्रतिवेदन अन्तर्गत दिगो विकासका लक्ष्यहरुवारे प्रतिवेदन गर्न आवश्यक झण्डै २३० सूचकहरुमा कुनै पनि तथ्याङ्क नभएको अवस्था छ।

**तालिका ४.१: दिगो विकासका लक्ष्य सूचकहरुको तथ्याङ्क उपलब्धता - प्रदेश तहमा**

| दिगो विकासका लक्ष्यहरु | प्रतिवेदन प्रयोजनका लागि समावेश गरिएका सूचकहरु | सूचकहरु जो प्रतिवेदनमा समावेश गरिनेछन् र तिनको तथ्याङ्क उपलब्ध छैन |
|---|---|---|
| १ | १८ | ७ |
| २ | २१ | ७ |
| ३ | ४८ | २५ |
| ४ | ५० | ३९ |
| ५ | ३५ | १६ |
| ६ | १३ | ६ |
| ७ | १० | ५ |
| ८ | २१ | १५ |
| ९ | ९ | ६ |
| १० | १२ | ८ |
| ११ | १४ | ९ |
| १२ | १४ | १३ |
| १३ | १० | ८ |
| १५ | २३ | २२ |
| १६ | २४ | २० |
| १७ | २८ | २४ |
| **जम्मा** | **३५०** | **२३०** |

*स्रोतः नेपाल दिगो विकासका लक्ष्य अवस्था तथा भावी कार्य दिशा प्रतिवेदन (सन् २०१६-२०३०) मा आधारित,* http://sdg.npc.gov.np/data/

उपलब्ध तथ्याङ्क मध्ये अधिकांश तथ्याङ्कहरु नेपाल जीवनस्तर सर्वेक्षण (२०११), नेपाल जनसाङ्ख्यिक तथा घरधुरी सर्वेक्षण (२०१६) र जनगणना (२०१०) बाट आँकलन गरिएको छ। प्रदेशको यस आधार तथ्याङ्क प्रतिवेदनका लागि झण्डै २९ प्रतिशत नेपाल जनसाङ्ख्यिक तथा घरधुरी सर्वेक्षण बाट र ३२ प्रतिशत नेपाल जीवनस्तर सर्वेक्षणबाट लिइएको छ। प्रदेश तथा स्थानिय तहको संरचना नयाँ हुनु र सोही अनुसार तथ्याङ्क सङ्कलनका लागि प्रयुक्त सर्वेक्षण, गणना र व्यवस्थापन सूचना प्रणालीबाट तथ्याङ्क सङ्कलन भई नसक्नु हो। तथ्याङ्कको कमी हुनुको मूल कारण दिगो विकास लक्ष्यको मूल मर्म विकास प्रक्रियाबाट कोही पछाडी नपरुन् भन्ने हो। यसको सम्बोधनका लागि क्षेत्रीयता/स्थानीयता, लिङ्ग, जात, जाति, अपाङ्गता जस्ता आधारमा खण्डीकृत तथ्याङ्कको उपलब्धता पहिलो शर्त हो।

यसका लागि गतिशील तथ्याङ्क प्रणाली आवश्यक हुन्छ। यस्तो तथ्याङ्क प्रणालीले मात्र आर्थिक वृद्धिबाट कसले फाइदा लिएको छ, सार्वजनिक सेवा सुविधा कहाँ पुगेको छ/छैन, सर्वसाधारणको शासन प्रणालीमा पहुँच पुगेको छ/छैन जस्ता कुराको जानकारी हुन्छ।

▼ *लिमी उपत्यका, हुम्लामा परम्परागत पहिरनमा सजिएका स्थानीय महिलाहरू ।*



**तथ्याङ्कको कमी हुनुको मूल कारण दिगो विकास लक्ष्यको मूल मर्म विकास प्रक्रियाबाट कोही पछाडि नपरून् भन्ने हो । यसको सम्बोधनका लागि क्षेत्रीयता / स्थानीयता, लिङ्ग, जात, जाति, अपाङ्गता जस्ता आधारमा खण्डीकृत तथ्याङ्कको उपलब्धता पहिलो शर्त हो ।**



# ५

# अध्याय



*अजङ्गका पहाड र चट्टान फोरेर बनाइएको सडकमा सवारी साधन गुड्दै । कर्णाली प्रदेशका धेरै जिल्लाहरूमा यस्ता सडकहरू देखिन्छन् ।*

# कार्यान्वयन तथा नीतिगत मार्गनिर्देश[१२]

[१२] *यो खण्ड राष्ट्रिय योजना आयोग (सन् २०१७) मा समावेश भएका विषयहरूमा आधारित छ, र प्रदेशहरूको लागि समायोजन गरिएको छ ।*

प्रदेश स्तरमा दिगो विकासका लक्ष्य, उद्देश्य तथा सूचकहरू सम्बन्धित धेरै कार्यान्वयन चुनौतीपूर्ण छन्। पहिलो, थुप्रै परिमाणात्मक लक्ष्यका लागि यी लक्ष्य सूचकहरू ज्यादै महत्वकाङ्क्षी छन्, र तिनलाई थप व्यवहारिक वा यथार्थपरक बनाउनको लागि पुनर्विचार गर्नुपर्छ। दोस्रो, दिगो विकासका लक्ष्य भित्रैका कतिपय लक्ष्यहरू नेपालको लागि कम सान्दर्भिक छन् भने, प्रदेशका खास चुनौतीहरूको सम्बोधन गर्न थप लक्ष्यहरू निर्धारित गर्नुपर्ने देखिन्छ। उदाहरणको लागि, दिगो विकास लक्ष्य ५ अन्तर्गत विश्वव्यापी परिमाणात्मक लक्ष्यमा उल्लेख गरिएका कतिपय अन्य हानिकारक अभ्यासहरूभन्दा महिनावारीको समयमा हुने छुवाछुतको विषय कर्णाली प्रदेश र देशका अन्य भागमा बढी सान्दर्भिक हुन्छन्। तेस्रो, दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्यहरू अपर्याप्त छन्। तिनीहरू राज्यले गर्ने हस्तक्षेप भन्दा पनि बजारको प्रतिक्रियामा निर्भर छन्, र तिनले नेपालजस्ता अल्प विकसित मुलुकहरूमा पूर्णतः काम गर्ने अवस्था नहुन पनि सक्छ।

चौथो, महासागर, समुद्र र समुद्री स्रोतहरूसँग सम्बन्धित लक्ष्य (दिगो विकास लक्ष्य १४)[१३] नेपालको लागि कम सान्दर्भिक छ भने जलवायु परिवर्तन रोक्ने (लक्ष्य १३) जस्ता अन्य कतिपय लक्ष्यको लागि अन्य देशको कदममा बढी निर्भर रहन्छ। दिगो उपभोग र उत्पादन (लक्ष्य १२) र देशहरूमाझ असमानता घटाउने (लक्ष्य १० को अंश) जस्ता कतिपय लक्ष्यहरू बढी विकसित मुलुकको चासो हो। अन्त्यमा, लक्ष्य र परिमाणात्मक लक्ष्यहरू दोहोरिने सम्भावना भएकाले, कुनै एक सूचकले एक भन्दा बढी लक्ष्यहरूलाई सहयोग पुर्‍याउन सक्छन्। त्यसैले, दोहोरिन सक्ने सम्भावना पनि छ।

विभिन्न कारणहरूले गर्दा दिगो विकास लक्ष्यको स्थानीयकरण ज्यादै महत्वपूर्ण हुन्छ। पहिलो, आधारभूत र माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी आपूर्ती तथा सरसफाई, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक सुरक्षाजस्ता दिगो विकास लक्ष्यको केन्द्रमा रहेको मुख्य सार्वजनिक सेवा प्रवाह अहिले स्थानीय सरकार अन्तर्गत छन्।

दिगो विकास लक्ष्यका सूचकहरूलाई, सान्दर्भिक भएसम्म, आयस्तर, लिङ्ग, उमेर, जाति, सम्प्रदाय, बसाइँसराइको स्थिति, फरक क्षमता तथा भौगोलिक अवस्थिति अनुरूप छुट्टयाउनुपर्ने सुझाव दिइएको छ।[१४] प्रगतिलाई विस्तृतमा अनुगमन गर्नको लागि कम्तिमा पनि छ प्रकारका वर्गीकरण आवश्यक पर्नेछ। धेरै परिमाणात्मक लक्ष्य र सूचकहरूको लागि अत्यन्त धेरै तथ्याङ्क चाहिन्छ, जुन सङ्कलन गर्न मुलुकलाई वर्षौं लाग्नेछ।



▲ भेडा र चौरीको रौं प्रयोग गरी तानमा राडी पाखी बुन्दै हुम्लाकी एक स्थानीय। धेरै मेहनत र समय लाग्ने यस्ता कपडाको माग र बजार भने अझै छ।

दिगो विकास लक्ष्य कार्यन्वयनको लागि रूपरेखा तय गर्दैगर्दा, समात्नुपर्ने चारओटा स्तम्भहरू छन्। पहिलो, प्राथमिकताहरूको पहिचान; दोस्रो नीतिसम्बन्धी कार्यन्वयन; तेस्रो स्रोतको लगानी; र चौथो संस्थागत तयारी। यी चार स्तम्भहरूले दिगो विकास लक्ष्य कार्यन्वयनको लागि प्रस्ट मार्गनिर्देशन प्रदान गर्न सक्छन्। दिगो विकास लक्ष्य कार्यन्वयनको मुख्य भार प्रदेश तथा स्थानीय सरकारहरूमा रहनेछ। त्यसैले, विभिन्न कारणहरूले गर्दा दिगो विकास लक्ष्यको स्थानीयकरण ज्यादै महत्वपूर्ण हुन्छ। पहिलो, आधारभूत र माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी आपूर्ती तथा सरसफाई, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक सुरक्षाजस्ता दिगो विकास लक्ष्यको केन्द्रमा रहेको मुख्य सार्वजनिक सेवा प्रवाह अहिले स्थानीय सरकार

[१३] दिगो विकास लक्ष्य १४ पानी मुनिको जीवजन्तुसँग सम्बन्धित छ। यसले समुद्री र समुद्र तटीय पारिस्थितिकीय प्रणालीको व्यवस्थापन गर्ने र संरक्षण गर्ने लक्ष्य लिएको छ। भूपरिवेष्टित देशहरूको लागि यसले राख्ने अर्थ भनेको आन्तरिक जलस्रोत र नदीहरूको पारिस्थितिकीय प्रणालीको संरक्षण मात्र हो। कर्णाली प्रदेशमा जलविद्युत, सिचाँइ, माछा, र पर्यटनमा प्रभाव पार्ने नेपालका प्रमुख नदी प्रणालीहरू रहेका छन्। मत्स्य-दोहन अहिले नै चिन्ताजनक भैसकेको छैन, तर तिनीहरूलाई अत्याधिक प्रदुषण र त्यसमा निर्भर जैविक विविधताको क्षयबाट जोगाउनुपर्छ।

[१४] संयुक्त राष्ट्र संघ महासभा प्रस्ताव ६८/२६१, संयुक्त राष्ट्र संघ।




▲ *मुगु जिल्लाको जिउका गाउँमा रहेको जिउका स्वास्थ्य केन्द्र (प्रसूति केन्द्र ??) मा बालबालिका सहित आएका महिलाहरूको समूह ।*

अन्तर्गत छन् । दोस्रो, स्रोत हस्तान्तरण र अन्य स्रोतसाधन परिचालन गर्ने अधिकार संविधानले प्रादेशिक र स्थानीय सरकारहरूलाई दिएकाले, अब प्रादेशिक र स्थानीय सरकारहरूसँग दिगो विकास लक्ष्य कार्यन्वयनको लागि बढी स्रोत उपलब्ध हुनेछ । विकासको असमान उपलब्धि हेर्दा, अब प्राथमिकता निर्धारण तथा कार्यन्वयनको क्रम स्थानीय परिवेश अनुसार निर्धारण गर्नुपर्छ भन्ने देखिन्छ । स्थानीय जनताको सहभागिता, र 'कसैलाई पछि नछोडिने' उद्देश्यको लागि वञ्चितिकरण धेरै भएको स्थानमा कार्यक्रम लक्षित हुनुपर्छ ; सूचना र सह-अनुगमन स्थानीय स्तरमा गरिँदा मात्रै यसको राम्रो कार्यन्वयन हुन्छ ।

## ५.१ पहिचान

सीमित स्रोत भएको अवस्थामा, विभिन्न लक्ष्यहरूको लागि प्रष्ट प्राथमिकताहरू पहिचान गर्नु एक मुख्य चुनौती हो । यसको सुरूआत गर्ने तार्किक विन्दु भनेको हालसालै अनुमोदन भएको सन् २०१९-२०२३ सम्म समेट्ने मुलुकको १५ औं आवधिक योजनाको अवधारणा हो । यसले संघीय, प्रदेश दुवै सरकार र कर्णाली प्रदेशको प्रथम पञ्च वर्षीय योजनाका बजेटका प्राथमिकताहरू निर्धारण गर्न मार्गनिर्देश गर्नुपर्छ । सबै दिगो विकास लक्ष्यहरू महत्वपूर्ण, अखण्ड, र सबै मुलुकका लागि साझा भए तापनि, मुलुक र क्षेत्र अनुसार तिनका प्राथमिकता फरक पर्न सक्छन् । प्राथमिकताका मुख्य क्षेत्र भनेको सहश्राब्दी विकास लक्ष्यका सूचकहरू अझै पूर्ण नभएका क्षेत्रहरू पर्छन् । रोजगारीका अवसर सिर्जना गरी समावेशी आर्थिक विकासलाई सघाउने, सामाजिक सुरक्षा प्रणालीहरू सुदृढ बनाउने, र विपद् जोखिम न्यूनिकरण गर्ने सम्भाव्यता भएका लक्ष्यहरू, आजको नेपालमा पनि ठूला प्राथमिकताका विषय हुन् । यद्यपि, दिगो विकास लक्ष्यहरू भनेका पृथक लक्ष्य होइनन्, एक लक्ष्य प्राप्तीले अर्कोमा असर पारेको हुन्छ । तिनीहरू अन्तरसम्बन्धित हुन्छन् । उदाहरणको लागि, भोकको न्यूनिकरण, लैङ्गिक असमानता, शिक्षा तथा स्वास्थ्यको प्रगतिमा भएका असमानताका न्यूनिकरणमा निर्भर छन् । वातावरणीय तनावको न्यूनिकरणमा गरिबी न्यूनिकरण निर्भर रहन्छ ।

**रोजगारीका अवसर सिर्जना गरी समावेशी आर्थिक विकासलाई सघाउने, सामाजिक सुरक्षा प्रणालीहरू सुदृढ बनाउने, र विपद् जोखिम न्यूनिकरण गर्ने सम्भाव्यता भएका लक्ष्यहरू, आजको नेपालमा पनि ठूला प्राथमिकताका विषय हुन् ।**

वित्तीय अवस्था र अन्य स्रोतको उपलब्धताले पनि प्राथमिकता निर्धारणलाई मार्गनिर्देश गर्नेछ। व्यापक आवश्यकता लेखाजोखाको अभ्यास गरेपछि, यसको उचित रूपमा निर्धारण गर्न सकिन्छ। प्राथमिकताहरू निर्धारण गरिसकेपछि, तिनीहरूलाई कार्यान्वयन समयबद्ध रूपमा गर्नुपर्छ। देहायका अवस्थामा, लक्ष्य र उद्देश्यहरूलाई पहिलो प्राथमिकतामा राख्नुपर्छः (अ) नयाँ कानूनी कार्यादेश वा संरचनागत निकाय आवश्यक नपर्ने देखिएमा; (आ) विकास प्रतिफलको हिसाबले तिनीहरूले सजिलै प्रतिफल दिने देखिएमा, र (इ) शिर्ष प्राथमिकताहरूको कार्यन्वयन यिनको पूर्व उपलब्धिमा निर्भर रहने देखिएमा।

दिगो विकासका लक्ष्यलाई आवधिक योजनामा समावेश गरिसकेपछि, दिगो विकास लक्ष्य परिवेशबाट पनि प्रदेश योजना आयोगले वार्षिक बजेट परीक्षण गराउनुपर्छ (स्वार्थ नबाझिएको सुनिश्चित गर्नको लागि, कार्यन्वयन गर्ने निकायले परिक्षण गर्नु हुँदैन)।

प्रतिफल र नतिजाको प्रभावकारी अनुगमनको लागि एक नतिजा रूपरेखा बनाउनुपर्छ। वित्तीय पक्षमात्र होइन, दिगो विकास लक्ष्यका प्राथमिकताहरूले व्यवस्थापकीय, सङ्घसंस्थागत अवरोधहरू पनि समावेश गर्नुपर्छ। दिगो विकास लक्ष्यको महत्वकाङ्क्षी कार्यान्वयनका लागि प्रमाणमा आधारित नीति निर्माणको उच्च सँस्कृतिको माग गर्दछ। सन् २०१९ देखि सन् २०३० को अवधिमा दिगो विकास लक्ष्य कार्यन्वयन र प्रगतिको बारेमा खुला स्रोतको सूचना प्रदान गर्न एक SDG सूचनाकेन्द्र निर्माण गर्न सकिन्छ।

कर्णाली प्रदेश भूकम्प, बाढी र पहिरोजस्ता विपद्को उच्च जोखिममा छ। विपद्ले दशकौं लगाएर हासिल गरेको विगतको विकाससम्बन्धी उपलब्धिलाई ठप्प पारिदिन्छ वा उल्ट्याइदिन्छ। यसकारणले दिगो विकास लक्ष्यहरूको आवश्यकता लेखाजोखा गर्दा विपद् जोखिम न्यूनिकरणका पर्याप्त उपायहरूको पहिचान गर्नुपर्दछ। प्रभावकारी विपद् प्रतिकार्यबारे बढ्दो सहमति के मा छ भने, प्रदेशहरूमा संयोजित योजना, चुस्त निर्णय प्रणाली र लचिलो वित्तीय स्रोत तयारी अवस्थामा हुनुपर्छ। पहिले नै सहमति गरिएका, वित्तीय व्यवस्थापन गरिएका, नियममा आधारित व्यवस्थाहरू छन् भने विपद् व्यवस्थापन प्रभावकारी हुन्छ; पूर्व योजना वा वित्तीय व्यवस्था नभएको अवस्थामा भद्रगोल हुन्छ। भविष्यवाणीमा आधारित जोखिम व्यवस्थापन (तयारी) र नतिजामा आधारित जोखिम व्यवस्थापन (प्रतिकार्य) को उचित सन्तुलनको लागि जोखिमको बारेमा ज्ञान; जोखिमको सम्भाव्यताहरू न्यूनिकरण गर्न संरक्षण र संरक्षणले मात्रै जोखिम हटाउन नसक्ने अवस्थामा विमाका कार्यक्रमहरू आवश्यक पर्छन्।[१५] लामो अवधिको योजनाहरूमा, जलवायु परिवर्तन जस्ता दीर्घकालिन जोखिमहरूलाई पनि समावेश गर्न सकिन्छ। उदाहरणको लागि, जलवायु परिवर्तनले गर्दा हुने खडेरीले जीविकोपार्जनमा दीर्घकालीन असर पार्न सक्छ। विपद्को लागि गरिने पूर्व तयारी योजनामा मानव संशाधनको गैरपरम्परागत उपायहरू पनि प्रयोग गर्नुपर्ने हुन्छ - जस्तै, विभिन्न प्रदेशमा स्वयंसेवकहरूको ठूलो सञ्जाल परिचालनको पूर्व तयारी अवस्था हो।

## ५.२ नीतिगत दस्तावेजहरू

मुख्य लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरूको प्राथमिकता निर्धारण गरिसकेपछि नीतिगत दस्तावेजले हस्तक्षेप गर्ने कार्यक्रमका प्रकृति निर्धारण गर्नु पर्दछ। यी नीतिगत औजारहरूमा समावेश छन्। पुँजी लगानी गर्नुपर्ने, मानव संसाधन

**सन् २०१९ देखि सन् २०३० को**

अवधिमा दिगो विकास लक्ष्य कार्यन्वयन र प्रगतिको बारेमा खुला स्रोतको सूचना प्रदान गर्न एक SDG सूचनाकेन्द्र निर्माण गर्न सकिन्छ।

**कर्णाली प्रदेश**

भूकम्प, बाढी र पहिरोजस्ता विपद्को उच्च जोखिममा छ। विपद्ले दशकौं लगाएर हासिल गरेको विगतको विकाससम्बन्धी उपलब्धिलाई ठप्प पारिदिन्छ वा उल्ट्याइदिन्छ।

**सन् २०३० कार्यसूचीको**

बारेमा सिर्जनात्मक तरिकाले समाचार संप्रेषण गर्ने महत्वपूर्ण घटकको रूपमा सञ्चार जगत रहनेछ।

[१५] *विश्व बैंक (सन् २०१३)*

चाहिने, वा केवल केही अक्षरहरू मात्रै परिवर्तन गरेर नीति सुधार हुनसक्छ कि ? कस्ता प्रकारका परस्पर फाइदाजनक सम्बन्धहरूको खोजी गर्ने वा निर्माण गर्ने ? राज्य, निजी क्षेत्र र नागरिक समाजलाई के के भूमिका दिने ? साझा लक्ष्य प्राप्तीका सहकार्य र साझेदारीको लागि केही उत्प्रेरक हुन्छ कि हुँदैन ? यी नीति सुधारहरूलाई पहिले लागु गर्ने कि पछाडी लागु गर्ने ?

कस्तो खालको हस्तक्षेप गर्ने भन्ने कुरा क्षेत्रअनुसार फरक पर्छ । विपद् पछिको पुनर्निर्माण (जस्तै २०१७ बाढी पछिको) समयसीमा भित्र सम्पन्न गर्नुपर्छ; त्यसैले यसमा लगानी अग्रभागमा ल्याउनुपर्छ । कृषिमा पनि विस्तारै लगानी साँघुरिदै जान्छ किनभने ठूल-ठूला सिँचाइ योजना र सडक, विद्युत तथा बजार पूर्वाधारजस्ता कृषि पूर्वाधारमा हुने ठूला लगानी दिगो विकास लक्ष्यको प्रारम्भिक वर्षहरूमा गरिने अपेक्षा राखिएको छ । अर्कोतिर, स्वास्थ्यजस्ता क्षेत्रहरूमा, जनसङ्ख्याको औसत उमेर बढ्दै जाँदा र विश्वव्यापी स्वास्थ्य विमा कार्यक्रम जारी भएपछि समयसँगै लगानी बढ्दै जानेछ । ऊर्जाक्षेत्रमा पनि लगानी पछिल्ला वर्षहरूमा बढी हुनेछ । ठूला जलविद्युत आयोजनाहरू दिगो विकास लक्ष्यको पछिल्ला वर्षहरूमा कार्यन्वयन गरिनेछ । यसका साथै यातायात तथा उद्योग, वन, लैङ्गिकता, पर्यटन र जलवायु परिवर्तनमा निरन्तर ध्यान दिइरहनुपर्छ ।

दिगो विकास लक्ष्यहरू सरकार एक्लैको जिम्मेवारी होइन; ती राष्ट्रिय दायित्व हुन् । त्यसैले, सरकार, निजी क्षेत्र, गैसस तथा सामुदायिक क्षेत्र बिचको रणनीतिक साझेदारी आवश्यक पर्नेछ । महत्वपूर्ण कुरा के छ भने, यस कार्यसूचीमा प्रदेश संसदमा साथै सबै मुख्य राजनीतिक दलहरूबीच पर्याप्त राजनीतिक स्वामित्व हुनुपर्छ ।

**दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वयनको लागि गैरसरकारी सरोकारवालाहरूको पनि अर्थपूर्ण सहभागिता हुनुपर्छ । थुप्रै सहश्राब्दी लक्ष्य प्राप्तीमा तिनीहरू उपयोगी भएका थिए, र यो कुरा दिगो विकास लक्ष्यको समयमा पनि जारी रहन सक्छ ।**

सहश्राब्दी विकास लक्ष्यको तुलनामा दिगो विकास लक्ष्यमा निजी क्षेत्रको भूमिका ह्वात्तै बढेको छ । साझेदारी विश्वासिलो हुनको लागि, दिगो विकास लक्ष्य सम्बन्धी नीति तर्जुमा, कार्यन्वयन तथा अनुगमनमा निजी क्षेत्रले पनि भाग लिन पाउने संयन्त्र बन्नुपर्छ । दिगो विकास लक्ष्यको प्रभावकारी कार्यन्वयनको लागि गैरसरकारी सरोकारवालाहरूको पनि अर्थपूर्ण सहभागिता हुनुपर्छ । थुप्रै सहश्राब्दी लक्ष्य प्राप्तीमा तिनीहरू उपयोगी भएका थिए, र यो कुरा दिगो विकास लक्ष्यको समयमा पनि जारी रहन सक्छ ।



*राडिपाखीका लागि प्रयोग हुने धागो कात्दै एक स्थानीय । पृष्ठभूमिमा रारा ताल । कर्णाली प्रदेशको मुगु जिल्लामा अवस्थित रारा ताल नेपालकै एक प्रमुख पर्यटकिय आकर्षणको केन्द्र हो । समुद्री सहतबाट २९९० मिटर उचाइमा रहेको यो ताल ५.१ किमी लामो, २.७ किमी चौडा, छ । यो ताल १०.८ किमी क्षेत्रमा फैलिएको छ र यसको गहिराइ १६७ मिटर छ ।*



▲ *आफ्नै घरको पिँढीमा विद्यालयले दिएको गृहकार्य गर्दै एक बालिका ।*

नेपालको संविधानमा सहकारीहरूको लागि विशेष भूमिकाको परिकल्पना गरिएको छ । सहकारीहरूले सार्वजनिक र निजी क्षेत्रका क्रियाकलापहरूलाई सघाउने अपेक्षा सरकारले लिएको छ । दिगो विकास लक्ष्यको कार्यन्वयनमा श्रमिक सङ्गठनहरू र युवा सङ्गठनहरू जस्ता सामाजिक सङ्गठनहरू पनि संलग्न हुनुपर्छ । सन् २०३० कार्यसूचीको बारेमा सिर्जनात्मक तरिकाले समाचार प्रेषण गर्ने महत्वपूर्ण घटकको रूपमा सञ्चार जगत रहनेछ । आम सर्वसाधरण जनताको ध्यान खिच्न संचार जगतले प्रयोग गर्ने सिर्जनात्मकताले दिगो विकास लक्ष्यमा राज्यले खर्च गर्ने राजनीतिक पुँजीको मात्रा निर्धारण गर्दछ ।

कतिपय दिगो विकास लक्ष्यको अन्तर्राष्ट्रिय आयाम छ । व्यापार, लगानी, पर्यटन, पुँजी प्रवाह, सिमापार प्रदूषण, बसाइँसराइ, विपद् तथा सामाजिक संरक्षण जस्ता सिमा वारपार प्रभाव पार्ने दिगो विकास लक्ष्यको सम्बोधन गर्न उपक्षेत्रीय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गर्नुपर्ने हुन्छ । चीनको बेल्ट एण्ड रोड इनिशिएटिभ र भारतको 'छिमेकी पहिला'मा अन्तर्निहित पूर्वाधार सम्पर्क कार्यक्रमजस्ता क्षेत्रीय सहयोग रूपरेखाहरूलाई नेपालका पछाडी पारिएका कर्णाली जस्ता प्रदेशहरूको हितमा उपयोग गर्नुपर्छ ।

दिगो विकास लक्ष्यको लागि व्यापक, तथ्याङ्क-निर्देशित अभियान पनि चाहिन्छ । दिगो विकास लक्ष्यको तथ्याङ्क आवश्यकता तथा तिनको विद्यमान गुणस्तरको नक्शांकन गर्दा, परिमाणात्मक लक्ष्य तथा सूचक अनुगमनको बीचमा ठूलो खाडल पाइयो । त्यसैले, जनसाधारणलाई शिक्षित गराउन केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश तथ्याङ्क निकायले संयुक्त रूपमा इन्टरनेटमा आधारित नयाँ सूचना संचार प्रविधि प्रयोग गर्दै गर्ने नयाँ सर्वेक्षणहरूको लागि ठूलो लगानी आवश्यक पर्नेछ ।

यस्तो पृष्ठभूमिमा, विभिन्न लक्ष्यहरूको लागि कस्ता कस्ता नीतिगत औजारहरू चाहिन्छन् ? राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यसम्बन्धी आवश्यकता लेखाजोखा, खर्च तथा वित्तीय व्यवस्था सम्बन्धी गरेको एक अध्ययनको अंशलाई कर्णाली प्रदेशका कतिपय विशेषता समेत समावेश गरी उदाहरण सहित तल प्रस्तुत गरिएको छ ।

उदाहरणको लागि, यस पुस्ताकै सम्भवतः सबैभन्दा महत्वपूर्ण चुनौती **गरिबी न्यूनीकरणलाई** लिऔँ । कसरी गर्ने त ? हालसम्मको दस्तावेजहरू हेर्दा, यसका लागि भए गरेका कार्यक्रमहरू यसप्रकार छन् : (अ) 'सबैभन्दा पछाडी परेकाको



▲ *दैलेखमा आफ्नै खेतमा गोरु जोत्दै एक किसान । पहाडी भेकमा खेतीपातीका लागि गोरु नै भरपर्दा साधन हुन् ।*

समस्या' र पुग्न अप्ठ्यारो जनसङ्ख्याको समस्या समाधान गर्नको लागि आयआर्जनका प्रत्यक्ष क्रियाकलाप, (आ) रोजगारी सिर्जना गर्न सक्ने साना तथा मझौला व्यवसायहरूका लागि व्याज छुटसहित सहुलियतपूर्ण लघुकर्जा, (इ) स्थान-निश्चित पूर्वाधार, (ई) गरिबीलाई अझ बढाउन सक्ने विपद्को रोकथाम तथा न्यूनिकरण, र (उ) सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउने ।

**कृषिमा,** सान्दर्भिक कार्यक्रमहरू यसप्रकार छन् (अ) सबैभन्दा धेरै वञ्चितीकरणमा परेका वर्गहरूको खाद्य तथा पोषण सुरक्षामा सुधार, (आ) सुदृढ कृषि प्रसार प्रणाली, (इ) वर्षभरि लाग्ने सिँचाइको विस्तार, (ई) बीऊ बिजन तथा मलखाद वितरणमा सुधार, (उ) ग्रामीण सडकहरूको विस्तार, (ऊ) कृषिलाई व्यवसायिक र आधुनिक बनाउने, र (ए) अर्ग्यानिक र उच्च मूल्य कृषिमा जोड ।

**सार्वजनिक शिक्षामा** परिकल्पना गरिएका हस्तक्षेपहरू यसप्रकार छन् । (अ) पूर्व-प्राथमिक, आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापनमा सुधार, (आ) साक्षरता तथा जीवनपर्यन्त सिकाइ, (इ) शिक्षकहरूको व्यवसायिक तालिम तथा विकास, (ई) विपद् जोखिम न्यूनीकरण र विद्यालयहरूको भौतिक सुरक्षा, (उ) खेलकुदमा युवाको प्रवर्द्धन, (ऊ) उच्च शिक्षा तथा अनुसन्धान, (ए) प्राविधिक तथा व्यवसायिक शिक्षा, (ऐ) सबै तहको शिक्षामा समता र गुणस्तर को सम्बर्धन, (ओ) विद्यालय खाना तथा आकर्षक भत्ता दिई सुदृढ पोषण कार्यक्रम, (औ) दुर्गम क्षेत्रमा आवासिय विघालय स्थापना, र (अं) मोडल स्कूलहरुको स्थापना ।

**खानेपानी तथा सरसफाइमा,** योजनामा रहेका हस्तक्षेपहरू यसप्रकार छन् । (अ) सुरक्षित तथा सस्तो खानेपानीमा व्यापक तथा समतामूलक पहुँच र सबैका लागि पर्याप्त सरसफाइ तथा स्वच्छता, (आ) फोहर पानी प्रशोधन तथा पुनःप्रयोग लगायत पानीको गुणस्तर सम्बन्धी विषयहरू, (इ) पानीको अभाव हटाउनको लागि पानीको चुस्त प्रयोग, र (ई) पानीको स्रोत व्यवस्थापनमा सुधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण ।

**ऊर्जा क्षेत्रमा** गरिने हस्तक्षेपहरू यसप्रकार छन् । (अ) ठूला जलविद्युत परियोजना, ग्रीड प्रणाली बाहिरको लघु जलविद्युत, र ग्रीडमा जोडिएको सौर्य ऊर्जा प्रणालीमार्फत ऊर्जा उत्पादन, (आ) प्रशारण तथा वितरण प्रणाली, (इ) ऊर्जा चुस्ततामा सुधार, (उ) ऊर्जा आपूर्तिको नियमित गुणस्तर कायम राख्न व्यवस्थापन तथा मसलन्द खर्च,

(ऊ) आन्तरिक खपतका लागि विशेष औद्योगिक योजना, (ए) सङ्घ प्रदेश र स्थानियको संयुक्त लगानीका परियोजनाका लागि सरकारी, निजी र जनताको लगानीका लागि पहलकदमी, (ऐ) न्यूनतम वेतन र सामाजिक सुरक्षा।

**समावेशी वृद्धि तथा उत्पादनमूलक रोजगारी** सम्बन्धी हस्तक्षेप यसप्रकार छन्। (अ) कृषि, निर्माण, उत्पादन, तथा पर्यटन जस्ता श्रमसघन क्षेत्रहरूमा रोजगारीको सिर्जना, (आ) साना तथा मझौला व्यवसायहरूको प्रवर्द्धन र साना व्यवसायलाई वित्तीय सेवाहरूमा पहुँच, (इ) सीप विकास, (ई) रोजगार सूचना प्रणाली, (उ) बाल श्रमको निवारण, (ऊ) कार्यस्थलमा हुनसक्ने चोटपटकबाट सुरक्षा, (ए) श्रम कानूनको कार्यन्वयन, र (ऐ) न्यूनतम वेतन र सामाजिक।

**पर्यटन क्षेत्र** अन्तर्गत यस्ता कार्यक्रमहरू हुनसक्छन्। पहुँच र पर्यटकीय पूर्वाधारको स्थापना, होटेल कोठाहरूको निर्माण, पर्यटकले गर्न सक्ने क्रियाकलापको विकास, र पर्यटक आगमनको लागि प्रचारप्रसार।

**भौतिक पूर्वाधार** अन्तर्गत गर्नुपर्ने कामहरूमा सडक, रेलमार्ग, पुलहरू र विमानस्थलहरूको नयाँ निर्माण, मर्मतसम्भार, स्तरोन्नती र रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जालको नयाँ निर्माण पर्छन्।

**दिगो विकास लक्ष्यका धेरै सूचकहरू गुणात्मक प्रकृतिका छन्। त्यसैले यसको लागि आवश्यक लगानी जुटाउने गरी लागत योजना बनाउन सकिँदैन। नीति सुधार, नियमावली तथा प्रशासनिक कार्यन्वयनमार्फत यसको उपलब्धि हात पार्नुपर्छ।**

**उद्योगमा** गरिने लगानी आवश्यकता, प्रादेशिक कूल ग्रार्हस्थ्य उत्पादनमा उत्पादनको योगदान बढाउने लक्ष्यको आधार मा बनाउनुपर्दछ।

**शहरी विकास तथा आवासमा** गरिने कामहरू यसप्रकार छन्। (अ) सुरक्षित सडक निर्माण, (आ) ढल निकास, (इ) विपन्नको लागि आवास र झोपरपट्ती सुधार, (ई) विपद् पश्चात् पुननिर्माण र विपद् पूर्व न्यूनीकरणको लागि तयारी, र (उ) पाइपबाट खानेपानी आपूर्ती र विद्युत सञ्जालजस्ता सहरी पूर्वाधारको निर्माण।

**जलवायु सम्बन्धी** कार्यक्रम यसप्रकार छन्, (अ) बलियो तथा अनुकूलनयोग्य क्षमताको निर्माण, (आ) ऊत्सर्जन घटाउने, (इ) जलवायु परिवर्तनको डाटा तथा अनुगमन सुदृढीकरण गर्ने, (ई) पूर्वाधारको लागि जलवायु अनुकुल प्रविधि, र (ए) पूर्व खतरा अनुमान सूचक प्रणाली स्थापना।

**वन तथा पारिस्थितिकीय प्रणालीमा** गरिने हस्तक्षेप यसप्रकार छन्। (अ) वन, तालतलैया, सिमसार, वन्यजन्तु, जैविक विविधता, र भूमिको संरक्षण, (आ) राष्ट्रिया तथा स्थानीय योजनामा पारिस्थितिकीय प्रणाली र जैविक विविधताको एकीकरण, र (इ) जलाधार क्षेत्रको आरक्षण।

**सुशासन** सम्बन्धी गर्नुपर्ने कामहरूमा (अ) न्यायमा पहुँच, (आ) भ्रष्टाचार विरुद्ध क्षमता अभिवृद्धि, (इ) सार्वजनिक सेवा प्रवाहको व्यवस्थापनमा सुधार, (ई) योजना, बजेट तर्जुमा तथा कार्यन्वयनमा क्षमता अभिवृद्धि, (उ) नागरिक सचेतना, र (ऊ) दिगो विकास लक्ष्य अनुगमनको लागि तथ्याङ्क प्रणाली।

दिगो विकास लक्ष्यका धेरै सूचकहरू गुणात्मक प्रकृतिका छन्। त्यसैले यसको लागि आवश्यक लगानी जुटाउने गरी लागत योजना बनाउन सकिँदैन। नीति सुधार, नियमावली तथा प्रशासनिक कार्यन्वयनमार्फत यसको उपलब्धि हात पार्नुपर्छ। यसका अतिरिक्त असमानता, अन्याय, वहिष्करण, वा असुरक्षाका सूचकहरूमा सुधार गर्न नीतिगत सुधार र यसै सवालहरूमा काम गर्ने गरी तयार गरिएका र गठन गरिएका संस्थाहरूको माध्यमले नै सबैभन्दा राम्ररी हासिल गर्न सकिन्छ।

## ५.३ लगानी

राष्ट्रिय स्तरमा, सम्पूर्ण दिगो विकास लक्ष्य अवधिभरको लागि लाग्ने वार्षिक लगानीको प्रारम्भिक अनुमान कूल ग्रार्हस्थ्य उत्पादनको ४२ देखि ५४ प्रतिशत छ। दिगो विकास लक्ष्यको सम्पूर्ण अवधिभर औसत लगानी करिब रु २० खर्ब २५ अर्ब, अर्थात् कूल ग्रार्हस्थ्य उत्पादनको ४९ प्रतिशत हुने अनुमान गरिएको छ। आर्थिक अवस्था र जनसङ्ख्याको कारणले, यो राष्ट्रिय अनुमानको १५ प्रतिशत कर्णाली प्रदेशमा खर्च हुने देखिन्छ।

यो स्तरको लगानीको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सार्वजनिक तथा निजी स्रोतहरूको पूर्ण परिचालन आवश्यक पर्नेछ। घरपरिवारबाट हुने लगानीमा उति ध्यान गएको छैन। त्यसै पनि उनीहरूले आफ्नो आम्दानीको ठूलो हिस्सा सार्वजनिक र निजी क्षेत्रले प्रदान गर्ने आधारभूत सामाजिक र आर्थिक सेवाहरूमा खर्च गर्ने गर्छन्। घरपरिवारको आम्दानी फरक फरक तहको छ। राष्ट्रिय गरिबीको रेखासँगको तुलनामा उनीहरूको स्थान र उपभोग गर्ने वा खर्च गर्ने उनीहरूको सिमान्त प्रवृत्तिको आधारमा घरपरिवारहरूले कूल दिगो विकास लक्ष्य लगानी आवश्यकताको पाँच प्रतिशतसम्म व्ययभार व्यहोर्न सक्छन्।

निजी क्षेत्रले बढी उद्योग, ऊर्जा, भौतिक पूर्वाधार, आवास, सहरी पूर्वाधार तथा पर्यटनमा लगानी गर्ने अपेक्षा गरिएको छ। यसले पर्यटन, औद्योगिक र यातायात पूर्वाधारको झण्डै पाँच भागको तीन भाग लगानी गर्ने अपेक्षा गरिएको छ। सार्वजनिक क्षेत्रले सुरुमा गरिबी न्यूनिकरणबाट सुरु गरेर, कृषि, स्वास्थ्य, शिक्षा, लैङ्गिकता, खानेपानी तथा सरसफाइ, यातायात पूर्वाधार, जलवायु परिवर्तन विरुद्ध कदम, तथा सुशासनमा देशभरको लागि दिगो विकास लक्ष्य लगानी स्वरूप ५५ प्रतिशत व्यहोर्ने अपेक्षा गरिएको छ। जस्का लागि क्रमशः पर्यटन, ऊर्जा, उद्योग, र सहरी पूर्वाधार (खासगरी आवास)मा सार्वजनिक लगानीको न्यूनतम आवश्यकता पर्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय स्तरमा, सार्वजनिक क्षेत्रमा दिगो विकास लक्ष्य लगानी आवश्यकताको ६२ प्रतिशत आन्तरिक राजश्व परिचालन तथा आन्तरिक ऋणबाट र समग्र औपचारिक वैदेशिक सहायताबाट २० प्रतिशत योगदान हुने अपेक्षा गरिएको छ। सन् २०१६-२०२० को अवधिमा कम्तीमा वार्षिक १० प्रतिशतले, सन् २०२१-२०२५ को अवधिमा पाँच प्रतिशतले र त्यसपछि दुई प्रतिशतले बढ्ने अनुमान गर्दा औपचारिक वैदेशिक सहायताबाट औपचारिक विकास सहायताको रकम अहिलेको स्तरबाट दोब्बर हुनुपर्नेछ। आन्तरिक रूपमा उठाइएको स्रोतको दुई-तिहाई रकम र औपचारिक विकास सहायताको ९० प्रतिशत दिगो विकास लक्ष्यतर्फ लगाउनुपर्छ। निजी लगानीको स्रोत आन्तरिक बचत, प्रत्यक्ष वैदेशिक लगानी मार्फत् वैदेशिक सेयर लगानी, राष्ट्रिय र विदेशी बैंकहरूबाट कर्जा लगानी र



*उपल्लो डोल्पाको ढो गाउँमा आफ्नै खेतमा पाखुरी चलाउँदै एक महिला। भौतिक श्रम नै एकमात्र विकल्प हो पहाडी भेकमा।*

सार्वजनिक-निजी साझेदारी (भायबिलिटी ग्याप फण्डीङ सहित) मार्फत् सार्वजनिक क्षेत्रसँग साझेदारी गरिने स्रोतमार्फत् जम्मा गरिने सेयर लगानी हुनेछन् । 'वञ्चितिकरणमा परेको क्षेत्र'मा अनिवार्य लगानी गर्नुपर्ने झण्डै ५० प्रतिशत बैंक कर्जा र विकास लक्ष्यहरूमा लाग्ने अनुमान गरिएको छ । जस अन्तर्गत ५ प्रतिशत विपन्न क्षेत्रमा जाने कर्जा पहिलेदेखि नै बाध्यकारी छ । गैर दिगो विकास लक्ष्य लगानीलाई दिगो विकास लक्ष्यतर्फ लगाएर, सेयर लगानीमा ठूलो रकम आकर्षित गरेर, बैंकबाट कर्जा लिएर र खासगरी उद्योग र भौतिक पूर्वाधार क्षेत्रमा ठूलो प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरेर निजी क्षेत्रको स्रोत अभाव पूर्ती गर्न सकिन्छ ।

देशभरका सहकारीहरूबाट दिगो विकास लक्ष्यको लागि उपलब्ध हुनसक्ने लगानी रकम वार्षिक थप रु २५ अर्ब हुने अनुमान गरिएको छ। गैरसरकारी संस्थाहरूले पनि सामाजिक र आर्थिक क्रियाकलापमा वार्षिक करिब रु २० अर्ब लगानी गर्ने गर्छन् । सहकारी र गैसस क्षेत्रको लगानी रकम उनीहरूले उठाउने रकममा निर्भर रहने भएकाले तिनीहरूले रकम अभाव व्यहोर्ने अपेक्षा गरिएको छैन ।

**देशभरका सहकारीहरूबाट दिगो विकास लक्ष्यको लागि उपलब्ध हुनसक्ने लगानी रकम वार्षिक थप रु २५ अर्ब हुने अनुमान गरिएको छ । गैरसरकारी संस्थाहरूले पनि सामाजिक र आर्थिक क्रियाकलापमा वार्षिक करिब रु २० अर्ब लगानी गर्ने गर्छन् ।**

समग्रमा, सन् २०१६-२०१९को अवधिमा कूल ग्रार्हस्थ्य उत्पादनको ९.९ प्रतिशत देखि दिगो विकास लक्ष्यको अन्तिम अवधि सन् २०२५-२०३० को अवधिमा उच्च १५ प्रतिशतसम्मको वित्तीय खाडल हुने अपेक्षा गरिएको छ । सन् २०१६-२०३० को अवधिमा, ६.६ प्रतिशतको निरन्तर आर्थिक वृद्धि हुने अनुमानको आधारमा, औषत वित्तीय खाडल कूल ग्रार्हस्थ्य उत्पादनको करिब १२ प्रतिशत हुनेछ ।

नेपालका भर्खर गढित स्थानीय सरकारहरूले स्थानीय स्तरमा दिगो विकास लक्ष्यहरूमा लगानी गर्न उल्लेख्य स्तरमा नयाँ स्रोतहरू आर्जन गर्नुपर्छ । अधिकांश स्थानीय सरकारको लागि केन्द्रीय सरकारबाट आउने स्रोत हस्तान्तरण नै आयको प्रमुख स्रोत हो । दीर्घकालीन पूर्वाधार योजनामा लचकता अपनाउनको लागि स्थानीय कर्जाहरू पनि आवश्यक पर्छ । स्थानीय सरकारहरूले कर्जाको लागि प्रयोग गर्न सक्ने कम्तीमा दुईओटा उपाय छन् : नगरपालिकाहरूको लागि नगर विकास कोष र सबै स्थानीय सरकारहरूको लागि बैंक तथा वित्तीय संस्था । स्थानीय लगानीको आवश्यकता तिनीहरूको वर्तमान आय भन्दा अत्यन्त धेरै भएकाले कर्जा लिएर सार्वजनिक खर्च गर्न सघाउ पुर्‍याउनको लागि कानुनी व्यवस्था पनि गरिएको छ ।

संघीयताको युगमा स्थानीय पूर्वाधारमा लगानी गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणालाई अत्यन्त गम्भीरतापूर्वक सञ्चालन गर्नुपर्छ । निजी क्षेत्रको सहभागिताको विभिन्न स्वरूप हुनसक्छन्, जसले स्थानीय सरकारहरूलाई कार्य सञ्चालन तथा आय आर्जनको क्षेत्र विस्तार गर्नको लागि अवसर प्रदान गर्छ । बाहिरी कन्ट्रयाक्ट गर्ने, छुट उपलब्ध गराउने तथा फ्रान्चाइज उपलब्ध गराउने आदि यसका उदाहरणहरु हुन् । यसका लागि थुप्रै अतिरिक्त संयन्त्रहरू पनि लागू गर्नुपर्ने हुन्छ । उदाहरणको लागि, आधुनिक पूर्वाधारसँग जोडिएपछि जग्गाको भाउ बढ्छ भन्ने तर्कको आधारमा समुदायहरूलाई आकर्षित गरी जग्गा एकिकरणले साझा पूर्वाधारको प्रवर्द्धनमा सघाउ पुर्‍याउन सक्छ ।

विपन्नमुखी व्ययमार्फत सार्वजनिक क्षेत्रमा वित्तीय लगानी बढाउने पर्याप्त ठाउँ छ । यद्यपि, सरकारी स्रोत एक क्षेत्रबाट अर्को क्षेत्रमा रकमान्तर गर्नको लागि राजनीतिक इच्छाशक्ति र कर्मचारीतन्त्रको बलियो सहयोग आवश्यक पर्छ । सहश्राब्दी विकास लक्ष्यको समयमा, सरकारी बजेटको ठूलो प्रतिशत आधारभूत सामाजिक सेवाहरूको लागि छुट्याउन सजिलो थियो । तर दिगो विकास लक्ष्यको हकमा, आर्थिक क्षेत्रबाट सामाजिक क्षेत्रमा रकमान्तर गर्न अप्ठ्यारो हुन्छ (र सम्भवतः त्यति उचित पनि हुँदैन) । किनभने दिगो विकास लक्ष्यको कार्यसूचीमा आर्थिक पक्ष पनि सामाजिक पक्ष जत्तिकै महत्वपूर्ण छ । दिगो विकास लक्ष्यको आर्थिक दायरा फराकिलो पार्नको लागि व्ययको चुस्तता बढाउने उपायलाई पनि एक महत्वपूर्ण उपायको रूपमा सुझाइएको छ ।

प्रदेशले संविधानले दिएको दायराभित्र राजश्व उठाउन थप प्रयास गर्नुपर्छ। दीर्घकालीन रूपमा, दिगो वृद्धिको लागि, कूल गार्हस्थ उत्पादनको करको दायरा फराकिलो पार्नुपर्छ । अप्रत्यक्ष करहरूको प्रकृति प्रतिगामी हुने भएकाले आधारभूत वस्तु तथा सेवा समेट्ने गरी करको दायरा फराकिलो बनाउँदा यस्ता वस्तु तथा सेवाहरूमा विपन्नको पहुँच घट्न सक्छ।

लगानी मात्र नभएर, नेपालमा अर्को अप्ठ्यारो संस्थागत तहमा क्षमताको अभाव हो । यसले गर्दा, इच्छा भएर रकम विनियोजन गर्दा पनि सेवा प्रवाह प्रभावकारी नहुने गरेको छ । क्षमता अभिवृद्धिका क्रियाकलापहरूलाई प्रदेश योजना तथा बजेट तर्जुमा प्रक्रियाको मूलधारमा नल्याइएसम्म द्रुत कार्यन्वयनको लागि तिनीहरूले आवश्यक प्राथमिकता र स्रोतहरू पाउने छैनन् । सहश्राब्दी विकास लक्ष्य कार्यान्वयनको परिवेशमा गरिएको क्षमता अभिवृद्धिका अभ्यासहरूले संयुक्त राष्ट्र संघको प्रणालीमा धेरै साधनहरू, ज्ञान तथा अनुभव प्रदान गरेको छ, र त्यसलाई दिगो विकास लक्ष्यसम्बन्धित क्षमता अभिवृद्धिको लागि समायोजन गर्न सकिन्छ।

▼ *परम्परागत पहिरनमा सजिएर डोको बोक्दै हुम्लाकी एक महिला, जो कठिन श्रमका बीच पनि मुस्काएकी छन् ।*



▼ हुम्लाको एक होटलमा केक बनाउँदै एक स्थानीय।



**दिगो विकासका लक्ष्य हासिल गर्न तथ्यपरक तथ्याङ्कमा आधारित भई दह्रो अनुगमन प्रणाली आवश्यक पर्दछ। विभिन्न लक्ष्यहरूमा भएको प्रगति मापन गर्न र प्रगतिलाई प्रोत्साहन गर्न चुस्त तथ्याङ्क प्रणाली सहितको प्रभावकारी अनुगमन सरकारबाट मात्र सम्भव हुन्छ।**

## ५.४ संस्थाहरू

पारदर्शिता, जवाफदेहिता र क्षमताविहिन ढङ्गले शासन गरियो भने गरिब तथा जोखिममा रहेका जनताले सबैभन्दा बढी सास्ती पाँउछन्। आयमा उच्च असमानता भयो भने आर्थिक वृद्धिले मात्र गरिबी निवारण हुँदैन। कुलीन वर्गले शासन गर्दा गरिबहरूको स्रोत साधनमा पहुँच हुदैन, अवसरहरू सुकेर जान्छन् र उनीहरूको आवाज दबिन्छ। दिगो विकासका लक्ष्यहरु यिनै सवालहरूसँग सम्वन्धित छन्, र तिनले प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू सबै तहमा निर्माण गर्न जोड दिन्छन्।

२५० वर्षको इतिहासमा नेपालले पहिलो पटक सङ्घीय शासन प्रणाली अपनाइरहँदा, सामुदायिक सहभागिता र स्थानीय तहदेखि नै जवाफदेहिता प्रवर्द्धन गर्न स्थानीय तहका सङ्घसंस्थाहरू मार्फत सेवा प्रवाहमा सुधार ल्याउने उपयुक्त समय यही हो। सङ्घीय तहका सङ्घसंस्थाहरूले पनि आफ्नो संस्थागत सुधार गरी नीतिनियम बनाउँदा, संयोजन गर्दा, दिगो विकासका लक्ष्य हासिल गर्न आवश्यक निजी क्षेत्रको लगानीलाई अन्य क्षेत्रलाई समेत सहजिकरण गर्न विशेष जोड दिनु आवश्यक छ।

दिगो विकासका लक्ष्य हासिल गर्न यथार्थपरक तथ्याङ्कमा आधारित भई दह्रो अनुगमन प्रणाली आवश्यक पर्दछ। विभिन्न लक्ष्यहरूमा भएको प्रगति मापन गर्न र प्रगतिलाई प्रोत्साहन गर्न चुस्त तथ्याङ्क प्रणाली सहितको प्रभावकारी अनुगमन सरकारबाट मात्र सम्भव हुन्छ।

तथ्याङ्कलाई केलाउने (लिङ्ग, उमेर, जातीयता, अपाङ्गता, स्थान, प्रशासकीय क्षेत्र, आय वा सम्पत्ति) र एकरूपता (विवरण, मापन गरिएको आधार, प्रतिस्पर्धा) आदि कायम गर्ने अर्को चुनौती छ। १०० भन्दा बढी दिगो विकास लक्ष्यका सूचकहरूमा कुनै तथ्याङ्क छैनन्। गुणात्मक जानकारीलाई पनि सुधार गर्नु जरुरी छ, जस्तै नागरिकको सार्वजनिक सेवा प्रतिको धारणा, भ्रष्टाचार र सुख शान्ति। सरकारले सङ्कलन गरेको तथ्याङ्क र गैह्र सरकारी सङ्घसंस्थाहरूले तयार पारेको विशेष गरी अपराध, मानव बेचविखन, मानव अधिकार हनन् आदि तथ्याङ्कहरूमा भिन्नता देखिन्छ।

तथ्याङ्क सङ्कलन गने तौरतरिका, विधि र यसलाई व्यापक रूपमा निःशुल्क वितरण गर्ने क्षमता विकास गर्ने सम्भावनाहरू धेरै छन् । नेपालको तथ्याङ्क प्रणाली त्यस अनुरुप प्रस्फुटन हुन बाँकी नै छ । सरकार बाहिर रहेका स्वतन्त्र अनुगमन निकायहरूलाई सार्वजनिक तथा निजी क्षेत्रका तथ्याङ्क पाउन अझै ठूलो चुनौती छ । यसैगरी ठूला सर्वेक्षण प्रायः दाताहरूको सहयोगमा गरिएको हुन्छ र यसका लागि समयमै स्रोत परिचालन गर्न अक्सर ढिलाई हुन्छ । दिगो विकासका लक्ष्यमा भएका प्रगतिको अनुगमन गर्न सरकारले अहिलेको परिपाटीमा कानूनी, संस्थागत र परिचालन सम्वन्धी सुधारहरू गर्दै गुणस्तरीय तथ्याङ्क निर्माण गरी वृहत् रूपमा उपलब्ध गराउनु आवश्यक हुन्छ ।

दिगो विकासका उद्देश्यहरू हासिल गर्न राज्यका सबै संस्थाहरू एकै ठाँउमा उभिनु पर्छ । दिगो विकासका लक्ष्य अनुसार सुसँगत तरिकाले काम भए नभएको हेर्न सरकारी तथा गैह्र सरकारी निकायहरूबीच संस्थागत संयन्त्र निर्माण गरेर मात्र यो सम्भव छ । दिगो विकासका लक्ष्यको कार्यान्वयन र अनुगमनका लागि संघीय तथा प्रदेश संसदले कानूनहरू तर्जुमा वा संशोधन गरी सहजीकरण गर्नु जरुरी हुन्छ । प्रगति अनुगमनका लागि संसदीय समितिहरूको भूमिका पनि महत्वपूर्ण हुन्छ ।

दिगो विकासका लक्ष्यलाई प्रदेशले अपनत्व लिँदै ती अनुरूप काम गर्न संस्थागत तवरमै प्रयास गर्नुपर्छ र त्यसका लागि मुख्य मन्त्रीको अध्यक्षतामा उच्च कमिटी बनाउनुपर्छ । यो समिति अन्तर्गत प्रदेश योजना आयोगका उपाध्यक्षले अध्यक्षता ग्रहण गर्ने गरी संयोजन र कार्यान्वयन समिति बन्नुपर्छ । त्यस अन्तर्गत प्रदेश योजना आयोगका सदस्यहरूको नेतृत्वमा विषयगत समितिहरू बनाउनुपर्छ ।

सन २०१६-२०२० सम्मका लागि सरकार, स्वयम्सेवी संस्थाका व्यवसायिक मूल्याङ्कनकर्ता VOPEs र संयुक्त राष्ट्रसंघीय निकायहरूलाई समेटेर राष्ट्रिय योजना आयोगको नेतृत्वमा एकिकृत मूल्याङ्कन कार्ययोजना बनाइएको छ । यो समता र लैङ्गिक मैत्री मूल्याङ्कन कार्य योजनाले योजना प्रक्रियाका क्रममा मूल्याङ्कनमा आधारित नीतिगत प्रक्रियाहरू अपनाउँछ । मूल्याङ्कन आयुक्तहरू, मूल्याङ्कनकर्ताहरू र प्रयोगकर्ताहरूको क्षमता अभिवृद्धिमा योगदान दिन्छ । यी प्रयासहरूले दिगो विकासका लक्ष्यमा भएका प्रगतिहरू मात्र पछ्याउँदैन, सो संस्थालाई पनि संस्थागत बन्न सघाउँछ । प्रक्रियाहरूको अनुगमन गर्ने साँघुरो घेराबाटमाथि उठेर प्रतिफलमा आधारित अनुगमन मूल्याङ्कन गर्ने केन्द्रीय निकायको रूपमा राष्ट्रिय  योजना आयोग स्थापित हुन प्रयासरत छ ।

केन्द्रीय विकास कार्य समिति (NDAC) जस्तै प्रदेश तहमा प्रदेश विकास कार्य समितिहरू (PDAC) बनाउन सकिन्छ जसबाट मन्त्रालयबाट संयोजन गर्दाको गाह्रो साह्रोलाई सम्बोधन गर्न सकिन्छ । समितिले कार्यक्रमहरूको समीक्षा गर्छ र विकासका सवालहरूमा अन्तर मन्त्रालय संयोजन गर्ने काम पनि गर्दछ । त्यसो हुँदा मन्त्रालयगत समिति बैठकहरूभन्दा पहिला हरेक मन्त्रालयमा PDACs का बैठक बस्छन् । यी समितिहरूले कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनको समीक्षा गर्न प्रत्येक तीन महिनामा बैठक बस्छ ।

नयाँ संविधानुसार प्रदेश प्रशासनहरू गठन गर्नुपूर्व क्षेत्रीय तहमा अनुगमन तथा मूल्याङ्कन कार्य क्षेत्रगत निर्देशकहरूले क्षेत्रीय निर्देशनालय मार्फत हुन्थ्यो । क्षेत्रीय निर्देशकहरूले प्रत्यक्ष रूपमा सम्बन्धित मन्त्रालयलाई प्रतिवेदन पढाउने भने क्षेत्रीय प्रशासन कार्यालयले प्रधानमन्त्रीको कार्यालयलाई गर्ने परिपाटी थियो । जिल्ला र क्षेत्रीय तहमा हुने गरेका अनुगमन र मूल्याङ्कन कार्य अव उप्रान्त दिगो विकास लक्ष्य अन्तर्गत भएका उपलब्धिहरूलाई समेट्दै नयाँ संरचना अनुरूप गरिनुपर्छ ।

# परिशिष्ट

## दिगो विकासका लक्ष्य १: सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने [१६]

| सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने | | | | अनुगमन ढाँचा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य र सूचकहरू | | आधारभूत तथ्याङ्क (सन् २०१५) | | प्रस्तावित तथ्याङ्कको स्रोत | प्रतिवेदनमा उल्लेखित भएको स्रोत | तथ्याङ्क वर्ष (सन्) | बिस्तृतीकृत | समय अवधि | उत्तरदायी संस्था |
| | | राष्ट्रिय | कर्णाली प्रदेश | | | | | | |
| **लक्ष्य १.१ सन् २०३० सम्म सबै ठाउँबाट चरम गरिबी, हालको मापन अनुसार दिनको १.२५ डलरभन्दा कम आयमा बाँच्ने, अवस्थाको अन्त्य गर्ने** | | | | | | | | | |
| १.१.१ | लिङ्ग, उमेर, रोजगारी अवस्था, तथा भौगोलिक स्थान (ग्रामीण, शहरी) अनुसार अन्तर्राष्ट्रिय गरिबी रेखामुनिको जनसङ्ख्या | | | | | | | | |
| १ | दैनिकी १.९ डलर गरिबी (खरिद क्षमता मूल्य) x 114.96 = 218.424 | १५ | २७.४ सर्वेक्षण | नेपाल जीवनस्तर -विश्व बैक आँकलन | नेपाल जीवनस्तर सर्वेक्षण | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| **लक्ष्य १.२ सन् २०३० सम्म राष्ट्रिय परिभाषा अनुरूप सबै प्रकारका गरिबीमा रहेका पुरुष, महिला, तथा बालबालिकाको सङ्ख्यामा कम्तीमा आधा अनुपात कम गर्ने** | | | | | | | | | |
| १.२.१ | राष्ट्रिय गरिबी रेखामुनि रहेको जनसङ्ख्याको अनुपात (प्रतिशत ) | २५.२ | ३८.८ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| १ | राष्ट्रिय गरिबी रेखामुनि रहेका सबै उमेरका महिलाहरू (प्रतिशत ) | २५.३ | ३९.३ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| १.२.२ | राष्ट्रिय परिभाषा अनुसार सबै प्रकारका गरिबीमा रहेका पुरुष, महिला, तथा बालबालिकाको अनुपात (प्रतिशत) | | | | | | | | ५ वर्ष |
| १ | बहुआयामीक गरिबी सूचाङ्क | २८.६ | ५१.२ | प्रादेशिक बहुआयामिक सूचाङ्कक्लस्टर सर्भे | राष्ट्रिय योजना आयोग | २०१४ | जिल्ला | ५ वर्ष | प्रदेश योजना आयोग |
| २ | राष्ट्रिय गरिबी रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत ) | ३६ | ४८ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| **लक्ष्य १.३ राष्ट्रिय रूपमा सबै तहमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र उपायहरू सबैका लागि लागु गर्ने र सन् २०३० सम्म गरिब र जोखिमउन्मुख जनसङ्ख्यालाई उल्लेख्य रूपमा समेट्ने** | | | | | | | | | |
| १ | कुल बजेटमा सामाजिक सुरक्षा लागत (प्रतिशत ) | ११ | | प्रतिवेदन | | | प्रदेश | वार्षिक | प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २ | प्रति दिन १.९ डलर भन्दा कम खरिद क्षमता भएका रोजगारहरूको जनसङ्ख्या (प्रतिशत) | १६.५ | २५.६ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |

क्रमशः

[१६] *केही सूचकको हकमा नेपाल दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र सन् २०१६-३० मा प्रतिवेदन भएको तथ्याङ्क र राष्ट्रिय आधार प्रतिवेदनका तथ्याङ्कहरू यस प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्कको आधार वर्ष र स्रोत फरक भएकाले तिनिहरूको आँकडा फरक हुन सक्छ। यि फरक भएका आँकडाका लागि तथ्याङ्कहरू छुट्टै रङ्गको प्रयोग रङ्गमा कोडिङ् गरिएको छ।*

| दिगो विकास लक्ष १: सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने | | | | अनुगमन ढाँचा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य र सूचकहरु | | आधारभूत तथ्याङ्क (सन् २०१७) | | प्रस्तावित तथ्याङ्कको स्रोत | प्रतिवेदनमा उल्लेखित भएको स्रोत | तथ्याङ्क वर्ष (सन्) | बिस्तृतीकृत | समय अवधि | उत्तरदायी संस्था |
| | | राष्ट्रिय | कर्णाली प्रदेश | | | | | | |
| **लक्ष्य १.४ सन् २०३० सम्म सबै पुरुष र महिला, विशेषगरी गरिब र जोखिमउन्मुखमा रहकाका लागि समान आर्थिक स्रोतको पहुँच सुनिश्चित गर्ने, साथै, आधारभूत सेवाहरू, भूमि तथा अन्य सम्पतिमा स्वामित्व र अधिकार, प्राकृतिक स्रोत, नयाँ प्रविधि तथा लघु वित्तलगायतका वित्तीय सेवाको पहुँच सुनिश्चित गर्ने।** | | | | | | | | | |
| १.४.१ | आधारभूत सेवाको पहुँच भएका घरधुरीहरूको अनुपात | | | | | | | | |
| १ | आधा घण्टा हिंडाईको दुरीमा बजार केन्द्रको पहुँच भएका घरधुरीहरूको अनुपात (कुल प्रतिशत) | ४५ | १८.८ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | नेपाल जीवनस्तर सर्वेक्षण |
| २ | बैंक खाता भएका घरधुरीहरू (कुल प्रतिशत) | ६८.३ | ४८.१ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण -विश्व बैक आँकलन | २०१६ | प्रदेश | ५ वर्ष | नेपाल जीवनस्तर सर्वेक्षण |
| ३ | औपचारिक वित्तीय सेवाको पहुँच भएका घरधुरीहरू (कुल प्रतिशत) | ४० | | नेपाल जीवनस्तर सर्वेक्षण | | | प्रदेश | ५ वर्ष | नेपाल जीवनस्तर सर्वेक्षण |
| १.४.२ | कानुनतः सुरक्षित भूमि अधिकार र लालपूर्जा भएका र आफ्नो भूमि अधिकारलाई सुरक्षित अनुभव गर्ने वयस्क जनसङ्ख्याको अनुपात, लिङ्ग र अभिलेखको प्रकार बमोजिम | | | नेपाल जीवनस्तर सर्वेक्षण | | | | ५ वर्ष | |
| १ | राष्ट्रिय उपभोग अनुसार सबैभन्दा तल्लो तहमा रहको वर्गको जनसङ्ख्या (प्रतिशत) | ७.६ | ७.९ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | नेपाल जीवनस्तर सर्वेक्षण |
| २ | आफ्नो आयको ३० प्रतिशतभन्दा बढी घरभाडामा खर्च गर्ने सबैभन्दा कमजोर अवस्थामा रहेको शहरी जनसङ्ख्याको अनुपात | | | नेपाल जीवनस्तर सर्वेक्षण | | | प्रदेश | ५ वर्ष | नेपाल जीवनस्तर सर्वेक्षण |
| ३ | आफ्नो आयको १० प्रतिशतभन्दा बढी आधारभूत सेवा (पानी, सरसफाइ, ऊर्जा, शिक्षा स्वास्थ्य,यातायात) मा खर्च गर्ने सबैभन्दा कमजोर अवस्थामा रहेको जनसङ्ख्याको अनुपात | | | नेपाल जीवनस्तर सर्वेक्षण | | | प्रदेश | ५ वर्ष | नेपाल जीवनस्तर सर्वेक्षण |
| **लक्ष्य १.५ सन् २०३० सम्म गरिब र जोखिमउन्मुख जनसङ्ख्याको कठिनाइहरू सामना गर्नसक्ने क्षमता विकास गर्ने, तथा उनीहरूका लागि वातावरण सम्बन्धी प्रकोप तथा अन्य आर्थिक, सामाजिक, तथा पर्यावरणीय प्रकोपको जोखिम न्यून पार्ने** | | | | | | | | | |
| १.५.१ | हरेक १००,००० जनसङ्ख्यामा प्रकोपद्वारा मृत्यु भएका, बेपत्ता भएका, प्रत्यक्ष प्रभावितको सङ्ख्या | | | | | | | | |
| १ | प्रकोपद्वारा मृत्यु भएकाको सङ्ख्या | ८८९१ | १५७ | प्रशासनिक तथ्याङ्क | | | जिल्ला | वार्षिक | गृह मन्त्रालय /MOIAL |
| २ | हरेक १००,००० को जनसङ्ख्यामा प्रकोपद्वारा प्रभावित र बेपत्ता भएकाको सङ्ख्या | ४१५ | | प्रशासनिक तथ्याङ्क | | | जिल्ला | वार्षिक | गृह मन्त्रालय /MOIAL |
| १.५.१ | राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण रणनीतिहरूका अनुसार प्रकोप जोखिम न्यूनीकरणका रणनीतिहरू अपनाउने र कार्यान्वयन गर्ने स्थानीय सरकारी निकायहरूको अनुपात | | | प्रशासनिक तथ्याङ्क | | | जिल्ला | वार्षिक | MOIAL/ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

## दिगो विकासका लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

| भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा र उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | | | | अनुगमन ढाँचा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य र सूचकहरू | आधारभूत तथ्याङ्क (सन् २०१५) राष्ट्रिय | कर्णाली प्रदेश | प्रस्तावित तथ्याङ्कको स्रोत | प्रतिवेदनमा उल्लेखित गरिएको स्रोत | तथ्याङ्क वर्ष (सन्) | बिस्तृतीकृत | आवृति | उत्तरदायी संस्था |
| लक्ष्य २.१ सन् २०३० सम्म भोकमरीको अन्त्य गर्ने र सबैको, विशेषगरी गरीब , जोखिमउन्मुख, तथा शिशुहरूलाई वर्ष भरी नै सुरक्षित, पौष्टिक र पर्याप्त खाद्यको पहुँच सुनिश्चित गर्ने | | | | | | | | | |
| २.१.१ | कुपोषणको व्यापकता | ३८ | ५५.६ | प्रादेशिक जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | निजी संघसंस्था |
| १ | उपभोगको दुई तिहाई भन्दा बढी खाद्यमा उपभोग गर्ने जनसङ्ख्या (प्रतिशत) | ४४.१ | ६३.१ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| २ | प्रति व्यक्ति खाद्य उत्पादन (किलो) | १९७ | १८५ | व्यवस्थापन सूचना प्रणाली प्रतिवेद | कृषि तथ्याङ्क | २०१७ | जिल्ला | वार्षिक | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ३ | खाद्यान्न सुकाउने, भण्डारण गर्ने र प्रशोधन गर्ने सुविधामा पहुँच | | | प्रशासनिक तथ्याङ्क | | जिल्ला | वार्षिक | MOALSC | |
| लक्ष्य २.२ सन् २०३० सम्म सबै तहका कुपोषणको अन्त्य गर्ने, २०२५ सम्म ५ वर्ष भन्दा मुनिका बालबालिकामा कम तौल र दुब्लो पातलो हुने समस्या सम्बन्धी अन्तर्राष्ट्रिय सहमति प्राप्त लक्ष्यहरू हासिल गर्ने, तथा किशोरी, गर्भवती, सुत्केरी महिला तथा वृद्धवृद्धाहरूको पौष्टिक आवश्यकता पुरा गर्ने | | | | | | | | | |
| २.२.१ | होचो पुड्को को व्यापकता (उमेर अनुरूप उचाइः विश्व स्वास्थ्य सङ्गठनले हुकँदाको तय गरिएको मध्यस्थ मापदण्ड) ५ वर्ष मुनिका वालवालिका | ३६ | ५४.५ | प्रादेशिक बहुआयामिक सूचक क्लस्टर सभ | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०१६ | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / निजी संघसंस्था |
| २.२.२ | पाँच वर्षभन्दा मुनिका बालबालिकामा कुपोषणको व्यापकता, प्रकार अनुसार (उचाई अनुसार तौल विश्व स्वास्थ्य सङ्गठनले हुर्काइ सम्बन्धी तय गरेको मापदण्ड) ५ वर्ष मुनिका वालवालिको हकमा | ९.७ | ७.५ | प्रादेशिक बहुआयामिक सूचक क्लस्टर सर्वेक्षण | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण विश्व बैंक आँकलन | २०१६ | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / निजी संघसंस्था |
| १ | कम तौल भएका पाँच वर्ष भन्दा मुनिका बालबालिकाको अनुपात (कुलको प्रतिशत) | ३०.१ | ३५.५ | प्रादेशिक बहुआयामिक सूचक क्लस्टर सर्वेक्षण | कर्णाली प्रदेश योजना आयोगको आधार पत्र | जिल्ला | ५ वर्ष | सामाजिक विकास | मन्त्रालय / निजी संघसंस्था |
| २ | प्रजनन उमेरका महिलामा रक्तअल्पताको व्यापाकता (प्रतिशत) | ३३.५ | २९.४ | प्रादेशिक बहुआयामिक सूचक क्लस्टर सर्वेक्षण | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण | २०१६ | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / निजी संघसंस्था |
| ३ | ५ बर्ष भन्दा मुनिका बालबालिकामा रक्तअल्पताको व्यापाकता (प्रतिशत) | ४६ | ४८.४ | प्रादेशिक बहुआयामिक सूचक क्लस्टर सर्वेक्षण | | | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / प्रदेश तथ्याङ्क कार्यालय |

क्रमशः

| भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा र उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | | | | अनुगमन ढाँचा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य र सूचकहरू | | आधारभूत तथ्याङ्क (सन् २०१५) | | प्रस्तावित तथ्याङ्कको स्रोत | प्रतिवेदनमा उल्लेखित गरिएको स्रोत | तथ्याङ्क वर्ष (सन्) | बिस्तृतीकृत | आवृति | उत्तरदायी संस्था |
| | | राष्ट्रिय | कर्णाली प्रदेश | | | | | | |
| ४ | सिकल सेल रक्तअल्पताद्धारा सङ्क्रमित जनसङ्ख्या | | | प्रादेशिक बहुआयामिक सूचक क्लस्टर सर्वेक्षण | | | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / प्रदेश तथ्याङ्क कार्यालय |
| **लक्ष्य २.३ सन् २०३० सम्म कृषि उत्पादन दोब्बर गर्ने, भूमिको सुरक्षित र समान पहुँच, उत्पादनमुखी श्रोत ,सामग्री, ज्ञान, वित्तिय सुविधा, बजार तथा मूल्य शृङ्खला र गैह कृषि रोजगारीका लागि अवसरमा साना कृषक, विशेषगरी महिला, जनजाति, पारिवारिक कृषक, पशुपालक र माछापालकको आय दोब्बर गर्ने ।** | | | | | | | | | |
| २.३.१ | खेतीपाती, चरन, बन्यजन उद्यम अनुसार प्रति श्रमिकको उत्पादन, | | | | | | | | |
| २.३.२ | लिङ्ग र जातीयता अनुरूप साना खाद्य उत्पादकको औसत वार्षिक आय, | | | | | | | | |
| १ | साना खाद्य उत्पादकको औसत वार्षिक आय, नेपाली रूपैयामा | ३५५६० | २८१०२ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्भे -विश्व बैक आँकलन | २०१६ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| २ | साना खाद्य उत्पादकको औसत वार्षिक आय, नेपाली रूपैयामाः पुरुष | ४०१४८ | २९२७२ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| ३ | साना खाद्य उत्पादकको औसत वार्षिक आय, नेपाली रूपैयामाः महिला | ३९८३७ | २८०२२ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| ४ | साना खाद्य उत्पादकको औसत वार्षिक आय, नेपाली रूपैयामाः आदिवासी | ३३३८७ | २३९२८ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| ५ | साना खाद्य उत्पादकको औसत वार्षिक आय, नेपाली रूपैयामाः गैर आदिवासी | ४३२०६ | ३२२३२ | नेपाल जीवनस्तर सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | प्रदेश | ५ वर्ष | केन्द्रीय तथ्याङ्क विभाग |
| ६ | जमिनको उत्पादकत्व डलरमा | ३२७८ | | प्रशासनिक तथ्याङ्क | | | जिल्ला | वार्षिक | MOALC |
| **लक्ष्य २.४ सन् २०३० सम्म दिगो खाद्य उत्पादन प्रणाली सुनिश्चित गर्ने, तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने , पर्यावरण संरक्षणमा मद्दत गर्ने, जलवायु परिवर्तन, खडेरी, बाढी तथा अन्य प्राकृतिक प्रकोपको सामना गर्न क्षमता विकास गर्ने, तथा भूमि र माटोको गुणस्तर विकास गर्ने बलिया कृषि अभ्यासहरू कार्यान्वयन गर्ने ।** | | | | | | | | | |
| २.४.१ | उत्पादकमूलक र दिगो कृषि क्षेत्रको अनुपात | | | | | | | | |
| १ | वर्तमान अवस्थामा कूल कृषि जमिन (१००० हेक्टर) | २५४८ | | प्रशासनिक तथ्याङ्क | नेपाल राष्ट्र बैंक | २०१७ | जिल्ला | वार्षिक | MOALC |
| २ | कूल खेतीयोग्य जमिन मध्ये बर्षभरि सिँचाइयोग्य जमिन (प्रतिशत) | २९.२ | ३१.५ | प्रशासनिक तथ्याङ्क | नेपाल जीवनस्तर सर्वेक्षण -विश्व बैक आँकलन | २०११ | जिल्ला | वार्षिक | MOALC |
| ३ | कूल कृषि भूमिमध्ये खेती गरिएको जमीन (प्रतिशत) | | | कृषि तथ्याङ्क | | | जिल्ला | वार्षिक | केन्द्रीय तथ्याङ्क विभाग |

## दिगो विकासका लक्ष्य ३: स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याण प्रवर्द्धन गर्ने

| जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याण प्रवर्द्धन गर्ने | | | | अनुगमन ढाँचा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य र सूचकहरू | | आधारभूत तथ्याङ्क (सन् २०१५) | | प्रस्तावित तथ्याङ्कको स्रोत | प्रतिवेदनमा उल्लेखित गरिएको स्रोत | तथ्याङ्क वर्ष (सन्) | बिस्तृतीकृत | आवृति | उत्तरदायी संस्था |
| | | राष्ट्रिय | कर्णाली प्रदेश | | | | | | |
| **३.१ सन् २०३० सम्म विश्वभरि नै मातृ मृत्युदर हरेक १००,००० जीवित जन्ममा ७० भन्दा कम गर्ने** | | | | | | | | | |
| ३.१.१ | प्रति १००००० जीवित जन्ममा मातृ मृत्यु दरको अनुपात | २५८ | | प्रादेशिक बहुआयामिक सूचाङ्क क्लस्टर सर्वेक्षण | | | शहरी – ग्रामीण | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| ३.१.२ | कुशल स्वास्थ्यकर्मीद्वारा गराइएको जन्मको अनुपात | ५८ | ५९ | प्रादेशिक बहुआयामिक सूचाङ्क क्लस्टर सर्वेक्षण | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, कर्णाली प्रदेश योजना आयोगको आधार पत्र | २०१६ | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| ३.१.३ | गर्भाशय खस्ने समस्याले ग्रसित महिलाको सङ्ख्या | | | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | | | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| **३.२ सन् २०३० सम्ममा ५वर्ष भन्दा मुनिका बालबालिका र नवजात शिशुको रोकथाम गर्न सकिने किसिमको मृत्युलाई अन्त्य गर्ने, साथै, सबै देशले हरेक १००० नवजात शिशुको जीवित जन्मलाई १२ वा त्यो भन्दा मुनिको मृत्युदरमा झार्ने र ५ वर्ष भन्दा मुनिका बालबालिकाको हरेक १००० जीवित जन्ममा २५ जना भन्दा थोरैको मृत्युदर लक्षित गर्ने** | | | | | | | | | |
| ३.२.१ | प्रति १००० जीवित जन्ममा पाँच भन्दा कम उमेरका बालबालिकाको मृत्यु दर | ३९ | ५८ | प्रादेशिक बहुआयामिक सूचाङ्क क्लस्टर सर्वेक्षण | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण | २०१६ | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| ३.२.२ | प्रति १००० जीवित जन्ममा नवजात शिशुको मृत्यु दर | २१ | २९ | प्रादेशिक बहुआयामिक सूचाङ्क क्लस्टर सर्वेक्षण | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण | २०१६ | जिल्ला | ५ वर्ष | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| **३.३ सन् २०३० सम्म, एड्स, क्षयरोग, मलेरिया, र अन्य महामारीको अन्त्य गर्ने तथा हेपटाइटिस, पानीजन्य रोग तथा अन्य सरुवा रोगहरूको नियन्त्रण गर्ने** | | | | | | | | | |
| | नयाँ एचआईभी संक्रमणको सङ्ख्या | १७८१ | ९ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | क्षयरोग घटना (प्रति १००,००० जनसङ्ख्या) | १११ | ९८ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | अ. मलेरिया घटना (प्रति १००,००० जनसङ्ख्या) | १० | १३ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |

*क्रमशः*

| जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याण प्रवर्द्धन गर्ने | | | | अनुगमन ढाँचा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य र सूचकहरू | आधारभूत तथ्याङ्क (सन् २०१५) | | प्रस्तावित तथ्याङ्कको स्रोत | प्रतिवेदनमा उल्लेखित गरिएको स्रोत | तथ्याङ्क वर्ष (सन्) | बिस्तृतीकृत | आवृति | उत्तरदायी संस्था |
| | | राष्ट्रिय | कर्णाली प्रदेश | | | | | | |
| | म. हेपटाइटिस बी व्यापकता (प्रति १०,००० जनसङ्ख्या) | २६५४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | | | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| ३.३.५ | उपेक्षित उष्णप्रदेशिक रोगहरू बिरूद्ध हस्तक्षेप आवश्यक व्यक्तिहरूको सङ्ख्या | | | | | | | | |
| | क) कुष्ठरोगी घटना दर प्रति १,००० जनसङ्ख्यामा | ११ | ७ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | ख) कालाजरका घटना | ३२५ | | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | ग) हात्तीपाइले रोगका घटना | १३५४ | ५६ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | घ) डेंगुका घटना | ९३१ | ७ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | ङ) ट्रकोमा (खम्रेरोग) का घटना | २२४२१ | २५१ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य सेवा विभाग | २०१७ | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
| | च) गर्भाशय खस्ने रोगका घटना | | | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | | | जिल्ला | वार्षिक | सामाजिक विकास मन्त्रालय / प्रादेशिक तथ्याङ्क कार्यालय |
